छिटो र सर्वाधिक बिक्री हुने

# जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com

वर्ष २५ •अंक २६१ • २०७९ साल फाल्गुन २ गते मंगलबार (14 February, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com



**जातीय विभेदको अन्त्य गरौं ।**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं ।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं ।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं ।
- छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## जनयुद्ध दिवस

# शान्ति प्रक्रियाको काम १६ वर्षमा पनि अधुरै : उपराष्ट्रपति पुन



**राजन झा**

जनकपुरधाम । जनयुद्ध दिवसको अवसरमा सरकारले दिएको सार्वजनिक विदाको विरोध भइरहेको बेला उपराष्ट्रपति नन्दबहादुर पुनले सरकारको बचाउ गर्दै सार्वजनिक विदा दिएर नेपाली राजनीतिमा जनयुद्धले पुऱ्याएको योगदानको सम्मान गरेको बताएका छन् ।

मधेश प्रदेश सरकारको गृह तथा सञ्चार मन्त्रालय मातहतको शहीद प्रतिष्ठानले सोमवार आयोजना गरेको सम्मान कार्यक्रममा उपराष्ट्रपति पुनले भने, सार्वजनिक विदा दिनुले गणतन्त्र प्राप्तिका लागि बगेको रगत र पसिनाको सम्मान गरेको छ ।

'केन्द्र सरकारले जनयुद्ध दिवसको सार्वजनिक विदा दिएर जनयुद्धले नेपाली राजनीतिमा पुऱ्याएको उच्चतम योगदानको सम्मान गरेको छ' उनले भने, गणतन्त्र प्राप्तिका लागि बगेको रगत र पसिनाको यसले मान बढाएको छ ।

संघीय सरकारले आइतबार अपरान्ह सार्वजनिक विदा दिने निर्णय गरेको थियो । जनयुद्ध दिवसमा विदा दिन बसेको मन्त्रिपरिषद्को बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का मन्त्रीहरु अनुपस्थित रहेर विरोध जनाएका थिए ।

देशको विभिन्न स्थानमा सरकारको निर्णयको विरोध गर्दै प्रदर्शन भएको छ । कतिपय नेताहरुले आफू खुशी विदा घोषणा गर्ने चलन बन्द गर्नुपर्ने माग गरेका छन् । तर उपराष्ट्रपति पुनले भने, 'यसमा पूर्वाग्रह राख्नेहरुले चाहे जे सुकै भनुन्, संघीय सरकारले सार्वजनिक विदा दिनुअघि नै मधेश, वागमती र कर्णाली प्रदेश सरकारले सार्वजनिक विदा दिएर जनयुद्ध दिवस मनाउने तयारी गरेको थियो ।

कार्यक्रमका वक्ताहरुले संविधान संशोधनबारे धारणा व्यक्त गरेपछि उपराष्ट्रपति पुनले भने 'संविधानलाई परिष्कृत परिमार्जन तथा संशोधन गरेर समृद्ध बनाउन र पूर्ण कार्यान्वयन गर्न अझै धेरै मेहनत पर्छ ।' जनताको जीवनमा परिवर्तनको अनुभूति गराउन नसके चुनौतिहरुको चाङ लाग्ने र परिवर्तनप्रति नै प्रश्न उठ्ने उनले बताए ।

'शान्ति सम्झौता भएको १६ वर्ष पुग्दा पनि शान्ति प्रक्रियाको काम पूरा भएको छैन्' पुनले भने, 'शान्ति सम्झौताको प्रमुख २ वटा काम सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ताको छानबिन आयोगले गर्नुपर्ने काम सम्पन्न हुन सकेको छैन् । 'शान्ति प्रक्रियाको यो काम टुंग्याउनका लागि म संघीय सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु' उनले भने, शान्ति सम्झौताको बाँकी कामलाई छिटो टुंगोमा पुऱ्याउनुस् ।'

कार्यक्रममा प्रदेश प्रमुख हरिशंकर मिश्र, प्रदेश सभामुख रामचन्द्र मण्डल, मन्त्रीहरु सञ्जय कुमार यादव, सुरिता साह, सुनिता यादव लगायतले जनयुद्धको सार्थकताबारे आ-आफ्ना धारणा राखेका थिए ।

# 'संघीयता शासक वर्गले भिखमा दिएको होइन'

**ध्रुव झा**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले संघीयतालाई कसैले पनि समाप्त पार्न नसक्ने ठोकुवा गरेका छन् ।

जनयुद्ध दिवसको अवसरमा जनकपुरधाममा सोमबार आयोजित समारोहमा बोल्दै उनले संघीयताका लागि हजारौंको शहादत भएको स्मरण गराए ।

'अहिले स्थानीय, प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनबाट गरेर संघीयतालाई बलियो र संस्थागत गर्ने जिम्मेवारी प्रधानमन्त्री ज्यूको हो' उनले भने, प्रदेश सरकारलाई अधिकार सम्पन्न नबनाएसम्म संघीयता संस्थागत हुन सक्दैन् ।

मुख्यमन्त्री यादवले संघीयतालाई बलियो पार्न र देशलाई विकास र समृद्धितर्फ अगाडि बढाउन अड्किएका कानूनहरु लागु गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए । प्रधानमन्त्रीज्युले कानूनहरु तत्काल लागु हुने



विश्वास व्यक्त गर्दै उनले भने, 'तपाईको पालोमा ती अड्किएका कानूनहरु लागु भएन भने त्यो दुर्भाग्य हुने र संघीयता विरुद्धमा लागेकाहरुले मौका पाउनेछन् । कानूनहरुलाई लागु गरेर संघीयतालाई बलियो पार्न उनले प्रधानमन्त्री प्रचण्डलाई आग्रह गरे ।

जनयुद्ध सुरु हुनु भन्दा पनि अगाडि बहुदल आइसकेपछि देशमा संघीयता हुनुपर्छ भन्ने नेता मधेश प्रदेशकै रहेको उल्लेख गर्दै उनले भने, 'तर त्यो बेला शान्तिपूर्ण आन्दोलन हामीले गरेका थियौं त्यो बेलाको कुरो मलाई याद छ संघीयता भन्ने हिसाबले नै हामीले राजनीतिक सुरुवात गरेका थियौं ।

मधेशका नेताहरुले संघीयताको सबाल उठाउँदा काठमाण्डुमा शासकहरुले देश टुक्रयाउने विषय भएको मिथ्या तर्क गरेर बदनाम गर्न थालेपछि माओवादीले जनयुद्धको मुद्दा बनाएको उनले बताए ।

आएका केही व्यक्तिहरुले काठमाण्डुमा बसेर संघीयता चाहिँदैन भन्ने कुरा गरिरहेका छन्' उनले भने, म उहाँहरुलाई यसै मञ्चबाट खबरदारी गर्न चाहन्छु कि संघीयता शासक वर्गले दिएको भिख होइन, हजारौं बलिदान पछि प्राप्त भएको जन उपलब्धि हो ।'

'जबसम्म मधेश प्रदेशका जनता रहन्छन तबसम्म यहाँ संघीयतामाथि कुनै आँच आउन सक्दैन्' उनले भने, कसैले विरोध गर्दैमा संघीयता जानेबाला छैन ।

संघीयता प्राप्तिको लागि सबैभन्दा बढी बलिदानी दिने पार्टी माओवादी केन्द्र नै रहेको उल्लेख गर्दै उनले भने, 'आज सोही पार्टीका प्रधानमन्त्री रहनु भएकाले संघीयताप्रति एकदमै इमान्दारीका साथ अगाडि बढनुपर्छ ।

'प्रदेशमा प्रहरी समायोजन कानून, निजामती ऐन, नागरिकता विधेयक लगायत अड्किएका कानूनहरुलाई तत्काल लागु









पशुपतिनाथको मूलद्वारमा रङरोगनः महाशिवरात्रिका लागि पशुपतिनाथको मूलद्वारमा सोमबार रङरोगन गर्दै कामदार। *तस्विर : रासस*

# महाशिवरात्रि र माध्यमिकी परिक्रमाको तयारी

महोत्तरी । फागुन कृष्णपक्ष सुरु हुँदै महोत्तरीसहितका मिथिला क्षेत्रमा महाशिवरात्रि पर्व र मिथिला माध्यमिकी परिक्रमाको तयारी सुरु भएको छ । फागुन कृष्णपक्षको त्रयोदशी तिथिका दिन मनाइने महाशिवरात्रि पर्व र त्यसलगत्तै फागुन औँसीसँगै प्रारम्भ गरिने मिथिला माध्यमिकी परिक्रमाको तयारीमा मैथिल (मिथिलाका बासिन्दा) देखिएका हुन् ।



महाशिवरात्रि पर्वका लागि महोत्तरीका शिवालयमा अहिले उत्सवको तयारी देखिएको छ । जिल्लाको बर्दिबास नगरपालिका-५ टुटेश्वरस्थित श्रीटुटेश्वरनाथ, भङ्गाहा नगरपालिका-५ स्थित श्री सिद्धनाथ, सोनमा गाउँपालिकाको मगरथानास्थित श्रीमङ्गलनाथ, सम्सी गाउँपालिकाको गेढाभेटपुरस्थित श्री धपेश्वर र जिल्ला सदरमुकाम जलेश्वर नगरपालिका-१ स्थित श्री जलेश्वरनाथ महादेव मन्दिरमा पर्वको तयारी अघि बढेको हो ।

यी शिवालयसँगै बर्दिबास-१४ स्थित श्रीकामेश्वरनाथ र भङ्गाहाको सीतापुर बजारस्थित श्री सन्तानेश्वर महादेव मन्दिरमा पनि महाशिवरात्रि पर्वका लागि रङरोगन, मेलास्थल व्यवस्थापन र सुरक्षा प्रबन्धको आवश्यक तयारी थालिएको माहशिवरात्री मेला व्यवस्थापन समितिले जनाएका छन् । मिथिलामा फागुन कृष्ण द्वादशीदेखि चतुर्दशीसम्म महाशिवरात्रि मेला आयोजना गरिने परम्परा छ ।

जलेश्वर-५ स्थित श्रीजलेश्वरनाथ जलभित्र समाधि लगाएर विराजमान शिवलिङ्ग आदिकालमा भगवान शङ्कर आफैँले स्थापित गर्नुभएको विश्वास गरिन्छ । 'जलेश्वरो महालिङ्गो स्थापित श्रीशिवं स्वयं' शिवपुराणमा वर्णित यो पङ्क्तिले नै श्री जलेश्वरनाथ अनादिकालमै स्थापना भएको शिवलिङ्ग मानिएको जलेश्वर-५ का बासिन्दा पूर्वीय दर्शन तथा साहित्यका अध्येता ध्रुव राय बताउनुहुन्छ । त्यसैगरी चुरे पर्वत श्रेणीको थुम्कोमा अवस्थित श्रीटुटेश्वरनाथ, रातु र बडहरी नदीको सङ्गमस्थित श्री सिद्धनाथ र श्री मङ्गलनाथ पनि अनादिकालमा स्थापित शिवलिङ्ग रहेका यहाँ विश्वास गरिन्छ । यसका अतिरिक्त बर्दिबास-३ राईमण्डल धार्मिक क्षेत्र अवस्थित श्री इन्द्रेश्वर महादेवको शिवलिङ्ग अघि सत्ययुगमा स्वर्गका राजा इन्द्रले दानवसँगको युद्धमा विजयी बन्ने वरदानका लागि शिवको तपस्या गरेका स्थान मानिन्छ ।

यी शिवालयमा प्रत्येक वर्षको फागुन कृष्णपक्षको महाशिवरात्रि पर्व र साउन महिनाभरि लाग्ने साउने 'बोलबम' मेला खास अवसरका उत्सव मानिन्छन् । अहिले महाशिवरात्रि नजिकिँदै गर्दा शिवालयको रङरोगन र साजसज्जा युद्धस्तरमा गरिँदैछ ।

यी शिवालयमा दुवै पर्व विशेषमा बर्सेनि मधेसका सबैजसो जिल्ला र छिमेकको भारतबाट लाखौँको सङ्ख्यामा श्रद्धालु भक्तजन भगवान् शङ्करलाई गाईको दूध, पवित्र नदी वा तलाउको जल, बेलपत्र र श्रीशिवका प्रिय मानिने धतुरोसहितका फल चढाउन पुग्ने गर्छन् । पर्वको यो अवसरमा आउने भक्तजनको आवास, भोजन र दर्शनको चाँजो मिलाउनसँगै शिवालयको रङरोगन, साजसज्जाका काम र मेलाका अन्य व्यवस्थापनका काममा स्वयंसेवक खटिरहेका छन् ।

महाशिवरात्रि पर्वमा शिवको दर्शन र आराधनाका लागि आउने भक्तजनलाई साँच्चै शिवधाम आइएछ भन्ने अनुभूति दिनेगरी अहिले तयारीका काममा लागिएको श्रीजलेश्वरनाथ महाशिवरात्रि मेला व्यवस्थापन समिति-२०७९ का अध्यक्ष रञ्जितकुमार चौधरी बताउनुहुन्छ । अहिले शिवालयको समुचित पर्व व्यवस्थापनमा सम्बद्ध स्थानीय तहले हरेक तरिकाले सहयोग गरेका शिवालयका महाशिवरात्रि मेला व्यवस्थापन समितिले जनाएका छन् ।

मिथिलामा महाशिवरात्रि पर्व सम्पन्न गरिएलगत्तै सुरु हुने फागुन शुक्लपक्षभरि मिथिला माध्यमिकी परिक्रमाको उत्सव मनाइन्छ । फागुन औँसीकै दिन प्रारम्भ भएर फागुन शुक्लपक्षभरि हुने मिथिला माध्यमिकी परिक्रमामा महोत्तरी, धनुषा र छिमेकी मित्रराष्ट्र भारतको मधुवनी जिल्लासहितमा एक सय ३० किलोमिटर वृत्तभित्र १५ ठाउँमा रात्रीवास गरेर रामसीताका भजन गाउँदै मिथिला माध्यमिकी परिक्रमा सम्पन्न गरिने पुरानो परम्परा रहँदै आएको छ ।

अवधकिशोर (श्रीराम) र किशोरीजी (सीताजी) का प्रतीमा राखिएका डोला अघि लगाएर १५ दिन मिथिला क्षेत्रभित्रका तीर्थस्थलको दर्शन गर्दै नाङ्गा खुट्टाले पैदल हिँडेर गरिने यो यात्रा मिथिलाको महाकुम्भ मानिन्छ । फागुन पूर्णिमाका दिन यो यात्रा सम्पन्न गरेसँगै होलीका दहनको धुरा उडाएर (होलिका राक्षसीको आकृति डढाएर त्यसको खरानी उडाइने चलन) त्यसको भोलिपल्ट हिन्दू धर्मावलम्बीले फागु अर्थात् होली पर्व मनाउने छन् ।

मिथिला माध्यमिकी परिक्रमामा महोत्तरीका मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड र कञ्चनवनसहित पाँच वटा रात्रि विश्रामस्थल रहँदै आएका छन् ।रासस

# रास्वपामा थपिए १६ केन्द्रीय सदस्य

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केन्द्रीय समिति विस्तार गरेको छ ।

सोमबार बसेको केन्द्रीय समिति बैठकले १६ जना केन्द्रीय सदस्य थप गरेका छन् ।



सह-महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार करिब १०० जनाको नाम सिफारिस भएको थियो । कार्यदलले टुंग्याएर सिफारिस गरेका १६ जनालाई मनोनित गरेको छ।

मनोनित हुनेमा निशा मेहता, विन्दवासिनी कंसाकार, रुपा शंकर, विजय जैरु, मेघ आले, मोहनबहादुर थापा, खुस्बुसरकार श्रेष्ठ, टिका संग्रौला ज्वाला, हरि भट्ट, ध्रुब गिरी, लिमा अधिकारी, रमेश प्रसाईं, अर्जुन अधिकारी, क्रान्ति शिखा धिताल, प्रतिभा रावल र गोमा क्षेत्री रहेका छन् ।

# कविता वाचन छनोट प्रतियोगिता आज




**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन ११ गतेदेखि सुरु हुन लागेको जनकपुर साहित्य महोत्सवको लागि वक्तृत्वकला प्रतियोगिताको छनोट प्रतियोगिता सम्पन्न भएको छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघको सभाहलमा सोमबार सम्पन्न छनोट प्रतियोगितमा मदरटेरेसा पब्लिक स्कुलका राखी ठाकुर (४२१ अंक),डेफोडिल्स पब्लिक स्कुलका अभीप्सा झा(४११ ), डेफोडिल्स पब्लिक स्कुलका अंजन ठाकुर (३९२.५), मिट स्कुलका अनिशा कुमारी (३८७) तथा जनकपुर पब्लिक स्कुलका अंजली कुमारी यादव (३८४.५) ल्याई महोत्सवका लागि छनोट भएका छन् । वक्तृत्वकला छनोट प्रतियोगितामा विभिन्न विद्यालयका ४५ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

यता मंगलबार विद्यालय स्तरीय कविता वाचन छनोट प्रतियोगिताको आयोजना गरिने जनाइएको छ ।

प्रतियोगितामा धनुषाका दर्जन भन्दा बढ़ी विद्यालयका ५० भन्दा बढ़ी छात्र-छात्राहरु सहभागी हुने आयोजकले जनाएको छ ।

उत्कृष्ट हुने सहभागीहरुलाई महोत्सवको चौथो संस्करणमा प्रस्तुति पश्चात पहिलो दोश्रो र तेस्रो हुनेलाई सम्मानपत्र सहित पुरस्कृत गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

# महाशिवरात्रिका अवसरमा पशुपतिमा लिङ्ग पुराण सुरु

काठमाण्डु । महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्र विकास कोषले आजदेखि लिङ्ग पुराण महायज्ञ आयोजना गरेको छ ।

लिङ्ग पुराणको नेपाली अनुवादसहित प्रकाशन गरेको कोषले महाशिवरात्रिका अवसरमा पहिलोपटक अनुष्ठान सुरु गरेको हो । नेपाली अनुवादसहितको लिङ्ग पुराण महाशिवरात्रिकै अवसरमा जगन्नाथपुरीस्थित गोवर्द्धन मठका शङ्कराचार्य निश्चलानन्द सरस्वतीले यही फागुन ५ गते विमोचन गर्नुहुने कार्यक्रम छ । पशुपतिनाथ पश्चिम मूल ढोकाअघि रहेको शङ्कराचार्य मठमा पुराण वाचन सुरु भएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो ।

विमोचनपछि पशुपतिनाथ मूल मन्दिरको पश्चिमढोका अघि स्थापना गरिएको कोषको बिक्री कक्षबाट पनि पुराणको पुस्तकको बिक्री गरिने जनाइएको छ । कोषले यसअघि शिव पुराण पनि नेपाली अनुवादसहित प्रकाशन गरिसकेको छ । कोषले प्रकाशन गरेका सबै पुस्तक पश्चिमढोका अघिको बिक्री कक्षमा पाइने संस्कृति महाशाखा प्रमुख गौरीशङ्कर पराजुलीले बताउनुभयो ।

सोमबारदेखि सुरु भएको लिङ्ग पुराण शङ्कराचार्य मठका स्वामीद्वय डा रमणानन्द गिरी र डा केशवानन्द गिरीले वाचन गरिरहनुभएको छ । लिङ्ग पुराण महाशिवरात्रिका अवसरमा फागुन ६ गतेसम्म सञ्चालन गरिने छ। यस वर्षको महाशिवरात्रि पर्व फागुन ६ गते परेको छ । कोषले महाशिवरात्रिको तयारी गरिरहेको छ ।रासस

# सरकारले छ महिनामा उठायो ३० अर्ब आन्तरिक र साढे २६ अर्ब बाह्य ऋण

काठमाण्डु । सरकारले चालु आर्थिक वर्ष २०७९/८० को छ महिनामा रू ५६ अर्ब ४६ करोड ऋण उठाएको छ । सरकारको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि खर्च बेहोर्ने मुख्य स्रोतमध्ये आन्तरिक र बाह्य ऋण परिचालन पनि हुन् ।

अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको चालु आवको बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनअनुसार सरकारले पुस मसान्तसम्म रू ३० अर्ब आन्तरिक र रू २६ अर्ब ४६ करोड बाह्य ऋण उठाएको छ ।चालु आवका लागि सरकारले रू दुई खर्ब ५६ अर्ब बराबर आन्तरिक ऋण उठाउने लक्ष्य राखेको थियो । जसबाट वार्षिक बजेटको १४ दशमलव तीन प्रतिशत स्रोत बेहोर्ने सरकारको योजना थियो । तर गत पुस मसान्तसम्ममा सरकारले रू ३० अर्ब बराबर मात्रै आन्तरिक ऋण उठाएको छ ।

यो अवधिमा संघीय सरकारले लिएको आन्तरिक ऋणमध्ये रू १५ अर्बको एक वर्षे ट्रेजरी बिल, रू आठ अर्बको दुई वर्षे विकास ऋणपत्र, रू दुई अर्बको तीनवर्षे विकास ऋणपत्र र रू पाँच अर्बको चारवर्षे ऋणपत्र जारी भएका छन् । सोही अवधिमा सरकारले तिरेको आन्तरिक ऋणको साँवा ब्याज भने रू ८३ अर्ब तीन करोड बराबर छ ।

चालु आवका लागि रू ५५ अर्ब ४५ करोड ८३ लाख बराबर अनुदान र रू दुई खर्ब ४२ अर्ब बराबर बाह्य ऋण लिने सरकारको योजना थियो । गत पुस मसान्तसम्म सरकारले लिएको वैदेशिक अनुदानको वास्तविक प्राप्ति भने रू आठ अर्ब १२ करोड र कुल वैदेशिक ऋण २६ अर्ब ४६ करोड बराबर छ । तर सोही अवधिमा विभिन्न दातृ निकायले अनुदान सहायतातर्फ रू २३ अर्ब १२ करोड १० लाख र सहुलियतपूर्ण ऋणतर्फ रू एक खर्ब १४ अर्ब बराबर प्रतिवद्धता प्राप्त भएको अर्थ मन्त्रालयले जनाएको छ ।

विकास पूर्वाधार आयोजनाको कार्यान्वयन प्रभावकारी हुन नसक्दा वैदेशिक अनुदान र ऋण लक्ष्यअनुसार लिन नसकिएको अर्थ मन्त्रालयले जनाएको छ । "कमजोर आयोजना व्यवस्थापन तथा निर्माण व्यवसायीको ढिलासुस्तीका कारण वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वनयमा सुस्तता आई पुँजीगत खर्च न्यून हुन गएकाले त्यसको प्रभाव विकास साझेदारले गर्ने सोझै भर्ना तथा शोधभर्ना रकममा पर्न गएको रसमीक्षा अवधिमा वैदेशिक सहायता परिचालन न्यून भएको हो", बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनिएको छ ।

चालु आवको पहिलो तीन महिनासम्म नेपालको कुल सार्वजनिक ऋण रू २० खर्ब सात अर्ब ८४ करोड बराबर छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पहिलो तीन महिनाको प्रतिवेदनअनुसार गत असार मसान्तको तुलनामा असोज मसान्तसम्ममा सार्वजनिक ऋण शून्य दशमलव २७ प्रतिशतले घटेको देखिन्छ । गत असार मसान्तसम्ममा नेपालको कुल सार्वजनिक ऋण रु २० खर्ब १३ अर्ब २९ करोड थियो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार पहिलो तीन महिनामा नेपालको कुल बाह्य ऋण रू १० खर्ब ५० अर्ब २३ करोड छ भने आन्तरिक ऋण रू नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर छ । यो आँकडा गत असार मसान्तसम्मको ऋणको अवस्थासँग तुलना गर्दा बाह्य ऋण रू २४ अर्ब ३८ करोडले बढेको र आन्तरिक ऋण रू २९ अर्ब ८३ करोडले घटेको हो ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : धन बृद्धि सञ्चय । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : सुख समृद्धि हुने । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सिमरामा २८ औं जनयुद्ध दिवस मनाइयो

**रञ्जन यादव**

सिमरा । नेकपा माओवादी केन्द्र जीतपुर सिमरा नगर कमिटीले २८ औं जनयुद्ध दिवस सिमरामा मनाइएको छ । जनयुद्धबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न दलहरु सचेत हुनुपर्नेमा कार्यक्रमका वक्ताहरुले जोड दिएका थिए ।




कतिपय अन्य पार्टीका नेताहरु जनयुद्धको उपलब्धिहरु उपभोग गर्ने तर जनयुद्ध दिवस मनाउन आनाकानी गरिरहेको प्रति वक्ताहरुले दुखेसो पोखे । नेकपा माओवादी केन्द्र जीतपुर सिमरा नगर कमिटीका अध्यक्ष प्रेम बरालको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा बारा जिल्ला इन्चार्ज क्षेत्र बहादुर श्रेष्ठ ( अनिल)सहितकाले आ-आफ्नो मन्तव्य राखेका थिए ।

वक्ताहरुले जनयुद्धको जगमा नेपालमा राजनीतिक परिवर्तन सम्भव भएको उल्लेख गरेका थिए । गणतन्त्र, संघीय प्रणाली, समावेशी सिद्धान्त, समावेशी लोकतन्त्र, सामाजिक न्यायजस्ता उपलब्धि जनयुद्ध र जनआन्दोलनको बलमा नै स्थापित भएको तर्कसमेत वक्ताहरुले गरे ।

त्यस्तै, जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख तथा नेकपा माओवादी केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य राजन पौडेलले जनयुद्धको बलमा कतिपय कुराहरु स्थापित भइसकेको र कतिपय कुराहरु स्थापना गर्नुपर्ने धारणा राखे ।

जनयुद्धका कुराहरुलाई सृजनशीलताको रुपमा उठाउन उनले सबै पक्षसँग आग्रह गरे । जनयुद्धकै देन अहिलेको शासन प्रणाली भएको जानकारी दिँदै उनले वि.सं. २०५२ फागुन १ गतेबाट सुरु भएको जनयुद्ध २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा रूपान्तरण भएको थियो ।

जनयुद्धको नेतृत्वकर्ता पार्टी माओवादी केन्द्रले प्रत्येक वर्ष फागुन १ गतेलाई जनयुद्ध दिवसको रूपमा मनाउँदै आएको छ ।

कार्यक्रममा वैकल्पिक केन्द्रीय सदस्य सोनालाल साह ,गीता कर्डेल ,शिला खनाल , , केन्द्रीय सल्लाहकार उद्धव पोखरेल ,नेकपा माओवादी केन्द्रका कलैया उपमहानगर अध्यक्ष मुकेश साह ,नेपाल उद्योग व्यापार महासंघका रुपेश पोखरेललगायतको सहभागिता रहेको थियो ।

# पाँच दलबीच पार्टी एकता हुने



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश केन्द्रित साना पाँच दलहरूबीच पार्टी एकता हुने भएको छ ।

सोमबार जनकपुरधामस्थित तराई-मधेश लोकतान्त्रिक पार्टीको केन्द्रीय कार्यालयमा बसेको बैठकले तराई-मधेश लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी, ऐतिहासिक जनता पार्टी, नेपाल लोकतान्त्रिक पार्टी र राष्ट्रिय सद्भावना पार्टीबीच एकता गर्ने सहमति भएको छ ।

तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंहको अध्यक्षतामा बसेको सो बैठक यी पार्टीहरूबीच सहकार्यका निमित्त साझा मुद्दाहरूको पहिचानमा केन्द्रित रहेको तमलोपाका केन्द्रीय सदस्य उमेश मण्डलले बताएका छन् ।

बैठकले सहकार्यको निमित्त अवधारणापत्र र अन्य दस्तावेज तयार गर्न कार्यदलसमेत गठन गरेको नेता मण्डलले जानकारी दिए । कार्यदलमा तमलोपाबाट सतीशलाल दास, नेपाल सद्भावना पार्टीबाट डा. रवीन्द्र चौधरी (राजेश), नेपाल लोकतान्त्रिक पार्टीबाट डा. कृष्णचन्द्र साह, राष्ट्रिय सद्भावना पार्टीबाट रवीन्द्र सिंह र ऐतिहासिक जनता पार्टीबाट आनन्द साह रहेका छन् ।

यी पाँच पार्टीहरूले गत माघ १७ गते आपसमा एकता र सहकार्य अगाडि बढाउने निर्णय गरेका थिए ।

बैठकमा तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो, ऐतिहासिक जनता पार्टीका अध्यक्ष बद्रीनारायण ठाकुर, नेपाल लोकतान्त्रिक पार्टीका सह-अध्यक्ष सुरेश प्रसाद गुप्ता, राष्ट्रिय सद्भावना पार्टीका प्रवक्ता राजेश्वर ठाकुर, तमलोपाका सतीश लाल दास, धीरेन्द्र सिंह, योगेन्द्र राय, भोलानाथ झा, विभा ठाकुर, विमला साहलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

# शिक्षामा सुधार गर्न सरकारी विद्यालय मर्ज हुनुपर्ने माग

**बख्तियार अली**



मलंगवा । सर्लाही जिल्लामा रहेका सरकारी तथा सामुदायिक विद्यालयहरुको चौतर्फी विकास तथा शिक्षामा गुणस्तरीय सुधारका लागि शिक्षक दरबन्दी मिलान तथा कार्यविधि निर्देशिका २०७६ बमोजिम विद्यार्थी संख्या नभएका सामुदायिक विद्यालयहरुलाई मर्ज गर्नुपर्ने माग गरिएको छ ।

पालिकामा रहेका नगर शिक्षा समितिले विद्यालयहरुलाई मर्ज गरी चौतर्फी विकास तथा शिक्षामा गुणस्तरीय सुधार गर्न अगाडि बढ्नुपर्ने माग सरोकारवालाहरुको रहेको छ ।

जिल्लामा २० वटा पालिका रहेको र सबै पालिकामा १० भन्दा बढी सामुदायिक विद्यालय रहेका छन् । जस मध्ये ४- ५ वटा विद्यालयमा विद्यार्थीको संख्या भए पनि अधिकांश विद्यालयहरूमा विद्यार्थीको संख्या अत्यन्त न्यून रहेको छ ।

'केही विद्यालयमा शिक्षक मात्र छन, विद्यार्थी नै छैनन् । सामुदायिक विद्यालयहरूमा शिक्षकसहित ६ जना छन, भने १० जना विद्यार्थी मात्रै छन् ।', शिक्षा विकास तथा समन्वय इकाइ सर्लाहीका प्राविधिक सहायक सुनिल कुशवाहाले बताए ।

कुशवाहाका अनुसार जिल्लामा सरकारी तथा सामुदायिक विद्यालयको संख्या ४ सय ७८ रहेको छ । जसमा २३ सय ८८ शिक्षकको दरबन्दी छ । त्यस्तै विद्यालय सहायक परिचर गरी ४ सय ७८ कार्यरत छन् ।

विद्यालय सहयोगी कर्मचारी ८६ जना रहेकोमा निजी स्रोतका शिक्षक १ सय ८ जना दरबन्दीमा कार्यरत रहेका छन् ।

सर्लाहीमा मात्र ४ सय ७८ सरकारी विद्यालय संचालनमा रहेको सरकारी तथ्यांकले देखाउँछ भने ५ हजार भन्दा बढी जनशक्ती कार्यरत रहे पनि सरकारी तथा सामुदायिक विद्यालयको अवस्था दिनानुदिन खराब हुँदै गएको छ, भने शिक्षाको गुणस्तर पनि खस्किँदै गएको नागरिक अगुवा रामएकवाल रायले बताए ।

जिल्लामा रहेका केही विद्यालयहरुको अवस्था राम्रो भए पनि अधिकांश सरकारी विद्यालयहरुमा तहगत शिक्षक, विषयगत शिक्षक र विद्यार्थी तथा शिक्षकको अनुपात मिलान नहुँदा सामुदायिक विद्यालयको शिक्षा र अध्यापनमा सुधार नभएको मधेश प्रदेशका प्रदेशसभा सदस्य तथा शिक्षा विज्ञ कौशल किशोर रायले जानकारी दिए ।

कार्यविधि निर्देशिका २०७६ अनुसार विद्यार्थी नभएका वा निमावि, प्राविमा ५० भन्दा कम विद्यार्थी संख्या रहेका तथा विद्यार्थीनै नभएका विद्यालयलाई तत्काल पायक पर्ने अन्य विद्यालयमा दरबन्दी मिलान गरी मर्ज गर्नुपर्ने पूर्व प्रधानाध्यापक बिमलकान्त झाले बताए ।

राज्यले ठूलो लगानी शिक्षा क्षेत्रमा गरे पनि शिक्षाको गुणस्तरमा सुधार नहुँदा आम जनता निराश भएका छन् । पैसा हुनेहरुले आफनो सन्तानलाई सुविधा सम्पन्न निजी विद्यालयमा पढाउँछन् ।

गरिब, निमुखाका छोराछोरी अध्ययन गर्ने सरकारी विद्यालयहरुलाई सुधार गर्न स्थानीय सरकारले नियमित अनुगमन गर्नुपर्ने तथा विद्यालय नआउने शिक्षकलाई कारबाहीको दायरामा ल्याउनुपर्ने प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले बताए ।

# बसपार्क सञ्चालनमा



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिका-२ मा नवनिर्मित बसपार्क सञ्चालनमा आएको छ ।

मलंगवा नगरपालिकाका नगर प्रमुख नागेन्द्र प्रसाद यादव र प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले संयुक्तरूपमा सोमबार आयोजित एक समारोहबीच बसपार्कको उद्घाटन गरेसँगै बसपार्क सञ्चालनमा आएको छ ।

सो अवसरमा नगर प्रमुख यादवले बसपार्क सञ्चालनमा आएपछि बजार क्षेत्रमा भइरहेको अव्यवस्थित सवारी साधन पार्किङका कारण जाम लाग्ने समस्या समाधान भइ यसले दुर्घटना न्यूनीकरणमासमेत सहयोग पुग्ने विश्वास व्यक्त गरे । जिल्ला प्रहरी कार्यालयको छेउमा रहेकोले उक्त बसपार्क सुरक्षाको दृष्टिकोणले पनि राम्रो रहेको उनले बताए ।

कन्काई इन्टरनेसनल विल्डर्स सुरुङ्गा, झापाले बसपार्क निर्माणको जिम्मा लिएको थियो । ८ करोड ३१ लाख रुपैयाँको लागतमा निर्माण भएको यो बसपार्कको कुल क्षेत्रफल २५ रोपनी रहेको छ । यसमा सानाठूला गरी एकैसाथ ७२ वटा सवारीसाधन पार्किङ गर्न सकिने नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमले जानकारी दिए ।

नवनिर्मित बसपार्कमा अढाइ तल्लाको टर्मिनल भवन, पब्लिक शौचालय, खानेपानीको व्यवस्था, यात्रु प्रतीक्षालय, बास बस्न मिल्ने,वर्कसप एरिया र पार्किङलगायतको सुविधाहरु रहेका छन् ।

सो बसपार्कबाट लामो दूरीको काठमाण्डु, वीरगञ्ज, जनकपुर, भरतपुर, विराटनगर र छोटो दूरीको बरहथवा, बयलबासलगायतका ठाउँको लागि गाडीहरु छुट्ने जनाइएको छ ।

मलंगवा- २ का वडा अध्यक्ष धीरेन्द्र साहको संयोजकत्वमा भएको सो कार्यक्रममा नगरपालिकाका सबै वडाका वडा प्रमुख, उद्योग वाणिज्य संघका अध्यक्ष वीरेन्द्र साह बस व्यवसायी संघका पदाधिकारीहरु, सुरक्षा निकायका प्रमुख, नागरिक समाजका अगुवालगायतका स्थानीयवासीको सहभागिता रहेको थियो ।

# खेलाडीहरु देशको गहना हो : मेयर साह

**सिकेन्द्र पासवान**

कलैया । कलैया उपमहानगरपालिकाका मेयर विनोद साहले खेलाडीहरु देशको गहना भएको बताएका छन् । सोमबार पत्रकार सम्मेलन गरी कलैया क्रिकेट क्लबको आयोजनामा हुन लागेको ५ दिवसीय कलैया टी ट्वेन्टी मेयर कप २०७९ को तयारीको सन्दर्भमा मेयर साहले सो कुरा बताएका छन् ।




मेयर साहले खेल र खेलाडीहरुलाई संरक्षण गर्ने कुरामा जोड दिंदै खेलले समाजमा अनुशासनको संस्कारमा वृद्धि गर्ने धारणा राखे । राजनितिक रुपमा देशलाई राष्ट्रिय,अन्तर्राष्ट्रिय रुपमा चिनाउने काम दलहरुले गर्न असक्षम देखिएको अवस्थामा देश भित्रका विभिन्न खेलका खेलाडीहरुले खेलको माध्यमबाट नेपाल देशको नाम राष्ट्रिय ,अन्तर्राष्ट्रिय रुपमा चिनाउने काम गर्दै नेपालको शिर ठाडो पार्ने कामसमेत गर्ने गरेको हुँदा खेलाडीहरुलाई सम्मान गर्नुपर्ने आजको आवश्यकता रहेकोमा उनले जोड दिए ।

कलैयाका क्रिकेट खेलाडीहरु कनिष्ट चौगाई, विनोद दास, संजन रेग्मी जस्ता खेलाडीहरुले खेलको माध्यमबाट बारा जिल्लाको नाम मात्र नचिनाएको सिंगो राष्ट्रकै नाम चिनाएको मेयर साहले बताए । सरकारले खेल र खेलाडीहरुलाई संरक्षण गर्नका लागि ठोस नीति ल्याई नेपालमा नै उनीहरु र परिवारहरु समेतलाई खान लाउन पुग्ने गरी व्यवस्था गर्नुपर्ने मेयर साहले आग्रहसमेत गरे ।

खेलाडीहरुको उत्साह बढाउनका लागि आफूले कलैया उपमहानगरपालिकाबाट ४ लाख सहयोग गरेको बताउँदै नपुग भएमा अझै सहयोग गर्ने प्रतिवद्धता जाहेर गरे । कार्यक्रममा जिल्ला क्रिकेट संघका अध्यक्ष प्रभात कुमार चौरसिया, पूर्व अध्यक्ष दिब्यनाथ श्रेष्ठ, कोषाध्यक्ष बैजु दास, कलैया उपमहानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष एमसमिल्लाह, कलैया क्रिकेट संघका कोषाअध्यक्ष सुभाष जयसवाल लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । फागुन ९ गतेदेखि १३ गतेसम्म चल्ने सो प्रतियोगितामा नेपाल र भारतका गरी ६ वटा क्रिकेट टीमको सहभागिता रहने जनाइएको छ ।

कलैया क्रिकेट क्लब, वीरगञ्ज, मकवानपुर, चितवन, क्रिकेट क्लब र भारत बिहारको मोतिहारी, बेतिया क्रिकेट क्लबको सहभागिता रहने कलैया क्रिकेट क्लवका पंकज पाण्डेयले जानकारी दिए । प्रतियोगितामा करिब ८ लाख रकम खर्च हुने अनुमान गरिएको छ ।

# क्रान्तिकारी किसान संघको तेस्रो राष्ट्रिय सम्मेलन

**टुडे समाचारदाता**

कलैया । नेपाल मजदुर किसान पार्टी निकट रहेको नेपाल क्रान्तिकारी किसान संघको तेस्रो राष्ट्रिय सम्मेलन १० बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ ।

५८ वर्ष भन्दा माथिको किसानहरुलाई पुग्ने निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने किसानहरुलाई



आदर निकेतनको व्यवस्था मिलाउनुपर्ने, जमिन जोत्नेको सिद्धान्तको आधारमा क्रान्तिकारी भूमिसुधार लागु गर्नुपर्नेलगायतको दश वुंदे घोषणापत्र जारी गरिएको छ ।

त्यसैगरी, जनसंख्याको आधारमा राज्यको हरेक निकायमा किसानहरुको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने, स्वदेशमा नै रासायनिक मलको कारखाना निर्माण गर्नुपर्नेसहितको माग घोषणापत्रमार्फत गरिएको छ । यता राष्ट्रिय सम्मेलनको बन्द शत्रबाट डिल्ली प्रसाद काफ्लेको अध्यक्षतामा २७ सदस्यीय केन्द्रीय समिति सर्व सहमतिले चयन गरिएको छ ।

समितिको केन्द्रीय उपाअध्यक्षमा गोबिन्द दुवाल, सचिवमा रामहरि सुवाल र कोषाध्यक्षमा कृष्णगोविन्द खाईजु चयन भएका छन् ।

त्यसैगरी, समितिको सदस्यहरुमा दिगम्बर यादव, विश्वनाथ प्रजापति, नारायणभक्त भेले, वीरबहादुर ढंगोल,गुणदास महर्जन, गीता काफ्ले, काली बहादुर बुढा, श्याम बिसुखे, धनबहादुर तामांग, प्रेम थापा, जंगीलाल थापा, रामाकान्त कापर, वैद्यनाथ चौधरी, निरज कुमारी शाही, कवीन्द्र ढंगोल, रवीन्द्र शाही, महमुद्दिन अंसारी,पद्म थापा मगर, हरिशरण श्रेष्ठ, श्रीलाल पासवान, विर्ष रावत, नरमान मर्हजन र कान्छा बासुकलाल रहेका छन् ।

# लुटपाट गर्ने आठ जना पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा भारतीय नागरिकलाई दिउँसै हतियार देखाई अपहरण गरी लुटपाट गर्ने एक गिरोहलाई प्रहरीले सोमबार सार्वजनिक गरेको छ ।

माघ २६ गते भारत बिहार घर भएका विशाल कुमार पटवालाई वीरगञ्ज महानगरपालिका- ६ रेल्वेरोडबाट हतियार देखाएर अपहरण गरी उनको साथमा रहेको नगद लुटपाट गरेको अरोपमा ८ जनालाई प्रहरीले पक्राउ गरि सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा वीरगञ्ज महानगरपालिका-२ छपकैयाका ३० वर्षीय सदाम अन्सारी, वडा नम्बर ११ श्रीपुरका ३४ वर्षीय सन्तोष लामा, ४२ वर्षीय मोजालिम मिया र ४० वर्षीय रोशन थापा, वडा नम्बर २४ रामगढवाका ३४ वर्षीय विजय महतो, बारा परवानीपुर गाउँपालिका वडा नम्बर ३ लिपनीका ३० वर्षीय नबाब हुसेन, कलैया उपमहानगरपालिका वडा नम्बर २३ का २६ वर्षीय मुकेश पटेल र भारतको बिहार राज्य मोतिहारी जिल्ला रक्सौल अहिरवाटोल-७ का २४ वर्षीय इमाम अन्सारी रहेका छन् ।

उनीहरुलाई सोमबार जिल्ला प्रहरी कार्यालय पर्सामा पत्रकार सम्मेलनको गरी सार्वजनिक गरिएको छ । प्रहरीका अनुसार बाराको प्रसौनी गाँउपालिका-१ घर भएका नातामा मामा पर्ने सुभाष साहलाई सापटी दिन पटवाले ६ लाख ५० हजार रुपैयाँ बोकेर आएका थिए ।

रेल्वेरोडमा उनलाई पेस्तोल देखाई वीरगञ्ज-१५ भिष्वा स्थित एकान्त ठाउँमा लगेर नगद लुटेर छोडिदिएका थिए । घटनाबारे खबर पाए लगत्तै जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी निरीक्षक प्रज्वल थपलिया नेतृत्वको टोली परिचालन गरिएको थियो । खोजतलाशका क्रममा उनीहरुलाई लुटिएको मध्ये ४ लाख ९५ हजार रुपैयाँ, लुटपाटमा प्रयोग गरिएको मेड ईन युएसए लेखिएको पेस्तोल १ थान, त्यसमा लाग्ने गोली ५ राउण्ड, खुकुरी १ थान, कैची ४ थान, ना १९ प २८०८, ना ६२ प १०० र बिआर १ सिआर २४२५ नम्बरका ३ वटा मोटरसाइकलसमेत बरामद गरिएको प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए ।

पक्राउ परेको गिरोह भारतका विभिन्न अपराधिक घटनामासमेत संलग्न रहेको अनुसन्धानको क्रममा खुलेको उनले बताए ।

आठै जना विरुद्ध अपहरण तथा शरीर बन्धक, डाँका, हतियार तथा खरखजाना एवं संगठित अपराध सम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

# स्ववियु निर्वाचनको तयारी सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । त्रिभुवन विश्वविद्यालयको विभिन्न कलेजहरुमा आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका लागि विद्यार्थी संगठनहरु छलफलमा जुटेका छन् ।



सोही क्रममा लोकतान्त्रिक विद्यार्थी संघले सोमबार जनकपुरधाममा निर्वाचन केन्द्रित छलफल गरेको छ । स्ववियु निर्वाचनका लागि राजर्षि जनक विश्वविद्यालय तथा रा.रा.ब क्याम्पसका विद्यार्थीहरुसँग भेटघाट तथा विशेष छलफल गरिएको लोकतान्त्रिक विद्यार्थी संघका नगर अध्यक्ष अमित ठाकुरले जानकारी दिए । उनले स्ववियु निर्वाचनका लागि लोकतान्त्रिक समाजवादी पार्टी नेपालको भातृ संगठन 'लोकतान्त्रिक विद्यार्थी संघ' लाई आवश्यक तयारी गर्न र विशेष रुपमा सक्रिय भइ चुनाव जिताउनका लागि निर्देशन पाएबमोजिम आफूहरु छलफलमा जुटेको बताए ।


लोकतान्त्रिक समाजवादी पार्टीको गाउँपालिका/ नगर/ महानगर/ जिल्ला/ प्रदेश समिति तथा पार्टीका सम्पूर्ण नेता/ कार्यकताहरुलाई विद्यार्थी चुनाव सम्बन्धी योजना एवम् कार्यक्रम गरी लोकतान्त्रिक विद्यार्थी संघसंग समन्वयको साथै आवश्यक पहल र सहयोगका लागि पार्टीले जारी गरेको परिपत्र अनुसार निर्वाचनमा केन्द्रित भएको छ ।

**मधेश कृषि विश्वविद्यालय**
**राजविराज न.पा.-३, मधेश प्रदेश, नेपाल**

**कृषि स्नातक (B.Sc. Ag. Hons) तहको प्रवेश परीक्षा सम्बन्धी सूचना**

मधेश कृषि विश्वविद्यालय, कृषि संकाय अन्तर्गत शैक्षिक सत्र २०७९/०८० का लागि कृषि स्नातक (B.Sc.Ag. Hons) ४ वर्षे शैक्षिक कार्यक्रमको प्रवेश परीक्षाको Online आवेदन फाराम मिती २०७९ पौष २१ गते विहिवार राती १२:०० वजे सम्म खुल्ला गरिएकोमा सोको प्रवेश परीक्षा मिती २०७९ फाल्गुन १३ गते शनिवार विहान १२:०० वजे के.अ. माध्यमिक विद्यालय, राजविराज-३ मा संचालन हुने र रितपूर्वक निवेदन दिएका परीक्षार्थीहरुले प्रवेश पत्र मिती २०७९ फाल्गुन ८ गते विहान ९:०० वजे देखि Online विधि द्वारा http://entrance.mau.edu.np बाट Download गरी Print गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

उपकुलपति



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥


## सम्पादकीय

# जनयुद्ध दिवसलाई विवादित बनाइनु हुँदैन्

नेपालको पछिल्लो राजनीतिक परिवर्तनको क्रममा तत्कालीन नेकपा माओवादीले गरेको जनयुद्धमा १७ हजार भन्दा बढी मानिसको ज्यान गएको हो। सयौं बेपत्ता र हजारौं अभिभावकविहीन भएका हुन्। माओवादीलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन तत्कालीन सरकारले सम्झौता गरी जनयुद्धलाई राज्यले मान्यता दिएको हो । नेपालको विभिन्न दस्तावेजहरुमा जनयुद्धलाई स्वीकार गरिएको छ। संविधानले समेत जनयुद्धलाई मान्यता दिएको छ। जनयुद्धको क्रममा शहादत भएका हजारौं मध्ये केहीको शालिक राज्यकोषबाट निर्माण भएका छन् । माओवादीको तत्कालीन जनमुक्ति सेनालाई नेपाली सेनामा विलय गराइएको हो। तत्कालीन माओवादीका नेताहरु मध्ये पुष्पकमल दाहाल 'प्रचण्ड' तीन पटक प्रधानमन्त्री भएका छन्। अर्का नेता डा.बाबुराम भट्टराई पनि प्रधानमन्त्री भए । नन्दबहादुर पुन दुई कार्यकाल उपराष्ट्रपति भए। माओवादी लडाकु नेपाली सेनाको जर्नेल सम्म भए। राज्यले माओवादीलाई मूल राजनीतिमा ल्याउन हदैसम्मको लचकता देखाए । माओवादीले पाए जतिको सुविधा निर्दोष र सामान्य नेपालीले राज्यबाट पाएनन्। माओवादीले बेपत्ता बनाएका, हत्या गरेका, अंगभंग बनाएका परिवारलाई राज्यले कुनै सुविधा दिएन्। त्यसको विरोध पनि भयो। माओवादी पीडितलेपनि राज्यबाट माओवादीले पाए सरहको सुविधा पाउनु पर्ने माग विभिन्न निकायले उठाए । तर राज्यले वास्ता गरेन् । पहिलो संविधान सभादेखि नै माओवादी सरकारमा सहभागी भए। त्यो क्रम हाल सम्म जारी छ। देशको हालका प्रधानमन्त्री प्रचण्ड माओवादी लडाकुको सुप्रिम कमाण्डर नै थिए । यस अघि दुई पटक प्रधानमन्त्री बनेका प्रचण्ड र एक पटक प्रधानमन्त्री बनेका डा.बाबुराम भट्टराईले देशमा जनयुद्ध दिवस मनाउन सार्वजनिक विदा दिनुपर्ने आवश्यकता देखेका थिएनन्। हुनत जनयुद्ध शब्दको विवादमा पहिलो पटक प्रधानमन्त्री बनेका प्रचण्डले सत्ताच्युत हुनुपरेको थियो। देशमा माओवादीले मात्र जनयुद्ध दिवस मनाउने गर्थे। उनीहरु पनि जनयुद्ध दिवसको अवसरमा धेरै कार्यक्रमहरु गर्न छाडेका थिए। माओवादीका केही नेता र भातृ संगठनले जनयुद्ध दिवसलाई औपचारिकता दिइरहेका थिए। जनयुद्ध दिवस भनेर आमनागरिकले बिर्सिन लागेका थिए। किशोरहरु जनयुद्ध दिवसबारे अनभिज्ञ थिए । तर अहिले प्रचण्ड नेतृत्वको सरकारले जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदा घोषणा गरेर नेपाली राजनीतिलाई तरंगित बनाएको छ । सत्तासाझेदार राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले जनयुद्ध दिवसको अवसरमा दिएको सार्वजनिक विदाको विरोध गरेको छ । प्रचण्ड नेतृत्वको सरकारमा राप्रपाका अध्यक्ष उपप्रधानमन्त्री सहित ४ जना मन्त्री छन्। जनयुद्ध दिवसको अवसरमा सार्वजनिक विदा दिने निर्णय गर्न बोलाइएको मन्त्रिपरिषद्को बैठक राप्रपाका नेताहरुले बहिष्कार गरे । उनीहरुले सार्वजनिक रुपमा पनि जनयुद्ध दिवसको विरोध गर्दै सरकारी निर्णयप्रति विमति जनाए। तर अन्य दलहरुले सरकारको निर्णयलाई मौन समर्थन गरेका छन्। जनयुद्ध दिवसलाई अब विवादित बनाउनु ठिक होइन्। जनयुद्ध नेपालको पछिल्लो परिवर्तनको प्रभावशाली संवाहक थियो। तर त्यो सर्वस्वीकार्य थिएन्।

## जनयुद्ध दिवस विशेष :

# एउटा युगान्तकारी कालखण्डको स्मरण



रोशन जनकपुरी

जब सामाजिक समस्याहरु जटिल हुँदै जान्छन् र समाजले आफैले त्यसलाई समाधान गर्ने स्थिति रहँदैन, अनि समाजले आफैले आफूभन्दा माथी एउटा अधिकार र शक्तिसम्पन्न संस्था खडा गर्छ । समाजबाट निर्मित यो शक्तिशाली संस्था राज्यसत्ता, यसलाई सर्वशक्तिमान बनाउने अधिकार भनेको सामाजिक सहमतिमा बनेको सम्विधान र कानून, र शक्ति भनेको जनअनुमोदित शासन र सैन्य बल (सेना, प्रहरी) हो। यसको अर्थ के हो भने राज्यसत्ता समाज वा जनसमुदायको निम्ती त्यतिबेला सम्म मात्र जनहितकारी र योग्य हो, जतिबेलासम्म उसले समाजको समस्याहरुहल गरिरहन्छ । राज्यसत्ताले समाजको समस्या हलगर्न सकेन र राज्यसत्तामा कब्जा गरि बसी रह्यो भने त्यो शस्त्रबलमा टिकेको सशस्त्र ग्याङ्गबाहेक अरु केही रहँदैन।

समाजमा विद्यमान विविधता र असमानताको कारण राज्यसत्ताको निम्ती सामाजिक समस्याको समाधान सरल हुँदैन । तर जनताको प्रतिनिधिको रुपमा राज्यसत्ता सञ्चालन गर्न गएकाहरु (देवता, राजा, राष्ट्र प्रमुख, सैन्य प्रमुख, प्रहरी प्रमुख, न्यायाधीश र राज्यसत्ताका अन्य अङ्ग)समाजले समर्पण गरेका सार्वभौमिक अधिकारहरु, शक्ति, स्रोत र भौतिक साधनको उपयोगबाट प्राप्त सुखभोगको कारण फर्किन चाहँदैन र शासकवर्गमा परिणत हुनजान्छ । अब राज्यसत्ताको स्रोत समाज वा जनसमुदाय वा जनता हुँदैन, बरु शक्ति वा बलप्रयोग हुन जान्छ । राज्यसत्ता सशस्त्रबलमा आधारित ग्याङ्गमा परिणत हुनु भनेको यो नै हो । यस्तो राज्यसत्तालाई हामी तानासाह वा अधिनायकको संज्ञा दिन्छौं ।

मानव समाज धनी र गरिब, मालिक र दास, श्रमिक र पूँजीपति र शासक र शासितको रुपमा वर्गविभाजित भएपछि सबै प्रकारको राज्यसत्ताको चरित्र वर्गविभेदी र अधिनायकवादी नै हुने गरेको छ। समाजमा असमानताका अनेक थरी सामाजिक र साँस्कृतिक कारण हुनसक्छन्, तर यी असमानता र विभेदहरुको मूलमा मानवीय जीवन बाँच्नको निम्ती श्रम गरेर उत्पादन गरेका भौतिक सम्पदा र साधनहरुमाथी स्वामित्वको निम्ती संघर्ष नै हो ।यस संघर्षमा एकातिर श्रमिकहरु र अर्कोतिर मालिक, सामन्त र पुँजीपतिहरु हुने गर्छन् । अमीरी-गरीबी, मालिक-दास, राजा-प्रजा, मजदूर-पूँजीपति सबै यसै संघर्षका परिणाम हुन् । यतिमात्र होइन, समाजमा जात, धर्म, धन आदि विविध साँस्कृतिक, आर्थिक र राजनीतिक कारणले प्रत्यक्षमा अनेक प्रकारका विविधता देखिएपनि मूलमा भने श्रम र उत्पादनको संघर्षमा विकसित शासक र शासितको विभाजन नै हो । मानवीय समाजको विकासको द्वन्द्वात्मक ऐतिहासिकताको अध्ययनले पुऱ्याउने निष्कर्ष के हो भने प्रारम्भिक राज्यसत्ताहरु निवर्गीय भएपनि समाज वर्गविभेदित भएपछि राज्यसत्ताको विकास वर्गस्वार्थ अनुरुप नै भएको छ। यस कारण राज्यसत्ता जुनसुकै वर्गको भएपनि यस्को चरित्र वर्गीय अधिनायकवादी नै हुने गर्छ र नारा जस्तोसुकै दिएपनि आफ्नै वर्गको हितसंरक्षण गर्छ । यसै कारण साम्यवादी विचारको प्रवर्त्तक कार्ल मार्क्सले साम्यवादको निम्ती वर्ग र राज्यसत्ताको विलोपीकरणलाई अनिवार्य भने। यसको निम्ती मार्क्सवादका सिद्धान्तकारहरुले वर्गसंघर्षको नयाँ जनवाद र समाजवादको अर्थ राजनीतिक (पोलिमिक) चरणहरुबाट गुज्रँदै साम्यवादमा पुग्न सकिने परिकल्पना गरेका छन्। सामाजिक परिवर्तनको यस यात्रामा वर्गसंघर्ष र सामाजिक क्रान्तिका हार र जीतका अनेकौं श्रृंखला पार गर्नुपर्ने अनिवार्य बाध्यता प्रतिपनि मार्क्सवादी विचारकहरुले सचेत गराएका छन् । राज्यसत्ता, वर्गसचेत राजनीतिक दल तथा सामाजिक संगठनहरुयस उद्देश्यका साधनहरु हुन् । भन्नु पर्दैन यस वर्गसंघर्षमा साम्यवादीहरु श्रमिक र उत्पीडित समुदायको राजनैतिक प्रतिनिधि हुने गर्छन्।

वर्ग विभेदित जटिल समाजमा राज्यसत्ताले सबै सामाजिक समस्याको हल गर्न सक्दैन, तर समाजमा रहेको शक्तिशाली वर्गको साथलाई शक्तिको बलमा जनसमुदायले पठाएका प्रतिनिधिहरु सत्तामा बसी रहन्छन्। यस्ले समाजमा बहुसंख्यकलाई शासितमा र राज्यसत्तामा बसेकाहरुलाई शासकमा परिणत गरिदिन्छ । यसकारण सामाजिक समुदायहरु दुई कित्तामा विभाजित हुन्छन् र समाजमा राजनैतिक संघर्षको जन्म हुन्छ। उत्पीडित वर्ग प्रतिकूलको सत्ता ढालेर अनुकूलको राज्यसत्ता निर्माण गर्ने प्रयत्न शुरु गर्छन् । आन्दोलन, विद्रोह र क्रान्तिहरु यस्तै प्रयत्न र संघर्षका परिणाम हुने गर्छन्।

यस्तै द्वन्द्वात्मकताका बीच, नेपाली समाजको आमूल परिवर्तन र नयाँ जनवादी राज्यसत्ता निर्माणको लक्ष्य लिएर तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा नेपालीश्रमिकवर्ग र उत्पीडित समुदायले २०५२ साल फागुन १ गते देखी दीर्घकालीन जनयुद्धको शुरुआत गरेको थियो । नेपाली समाजको विडम्बना के छ भने ००७सालपछि भएका राणाविरोधी जनआन्दोलन होस वा ०४६/०४७को निरंकुश पञ्चायती तानाशाही विरुद्धको जनआन्दोलन, श्रमजीविवर्ग र उत्पीडित समुदायको निम्ती नाममात्रका परिवर्तन साबित भए । यी राजनीतिक परिवर्तनहरुमा आफ्नो वर्गीय र साँस्कृतिक शोषणबाट मुक्तिको अपेक्षासहित श्रमजीविवर्ग र देशभरीका उत्पीडित जनसमुदायहरु सामेल भए। तर हरेक पटक सत्तामा उही धनिक र सम्भ्रान्तवर्ग नै हावी भयो। श्रमजीवि वर्गको हातमा लोकतान्त्रिक भनिएको चुनावीपद्धति थमाइयो, जस्मा विगत झै हरेक पटक उही मुठ्ठीभर धनिकवर्ग र अभिजात्यहरु चुनिन्थे । थप विडम्बना के थियो भने जुन राणातन्त्र र पञ्चायती राजतन्त्रको विरुद्ध नेपाली जनताले संघर्ष, त्याग तपस्या र बलिदान गरे, बहुदलिय प्रजातन्त्रमा ती पुराना व्यवस्थाका राणाजी र पञ्चायतवादी नेताहरुपनि चुनाव जितेर मन्त्री र प्रधानमन्त्री हुन थाले। यद्यपि नेपाली काँग्रेस, एमाले र सदभावना जस्ता पार्टीहरु यस उदार चुनावी राजनीतिक ढाँचालाई लोकतान्त्रिक भन्न छाडेनन्। तर परिणाम कतिसम्म भयानक थियो भने एकातिर बहुदलिय प्रजातन्त्रको आन्दोलनमा निर्मम दमन र हत्याको अनेकौं श्रृंखला चलाएर आन्दोलन तुहाउन चाहने कूख्यात पञ्चायती नेताहरु निर्णायक बन्दै गई रहेका थिए। त्यसरी नै वर्गीयरुपमा पुरानो व्यवस्थाका धनिकवर्गसंग साँठगाँठ गरेर दलाल तथा नौकरशाही पूँजीपतिवर्ग सम्पूर्ण सत्तामा वर्चस्व जमाएर सम्पूर्ण व्यवस्थालाई आफ्नो हितसाधनमा खुलेआम प्रयोग गरिरहेको थियो । यस्को अर्को पक्ष के थियो भने समग्र राजनीति नग्नरुपमा एकातिर पूँजीपतिहरुको चाकरीमा व्यस्त भयो र जनताको नाममा देशमा आर्थिक लूट मच्चाउन थाल्यो। अर्कोतिर राजनीतिक, आर्थिक र सामाजिक सुरक्षाको दृष्टिले आम नेपाली जनताको स्थिति दिन प्रतिदिन खस्किँदै गयो । यो लूट कति नग्न थियो भने सत्ताको लुछाचुँडीमा राजनीतिक दल आफैमा लडाँई गरिरहेका थिए र सत्ता र अर्थ लिप्सामा वैदेशिकशक्ति सामु खुलारुपमा आत्मसमर्पण गरिरहेका थिए । यसरी नै सम्पूर्ण बहुदलिय राजतन्त्र चुनावसहितको यस्तो सिन्डिकेट थियो, जस्मा जतासुकैबाट नापेपनि धनिकवर्ग नै सत्तामा पुगीरहेका थिए । यस्तै अराजकताको बीच माओवादीहरुले जनयुद्धको शुरुआत गरेका थिए । माओवादीहरुले जनयुद्ध शुरु गर्दा प्रकाशित गरेको पहिलो पर्चामा देशमा तत्कालीन अवस्थाबारे यसरी भनिएको थियो : "....अहिले विदेशी पुँजीपति वर्गकै स्वार्थ र इसारामा निजीकरण र उदारीकरणका नाममा सिङ्गो देश नै दलाल एवम् नोकरसाह पुँजीपतिहरूलाई बेच्ने प्रक्रिया जोडतोडले बढिरहेको छ । यो सब आर्थिक दुरावस्थाको मार जनसङ्ख्याको ९० प्रतिशत रहेको किसान वर्गले नै बढी भोग्नु परिरहेको छ। यो राज्यसत्ताअन्तर्गत बन्ने हर नयाँ सरकारले देशलाई आर्थिक रूपले झन्झन्टबाट पल्टाउँदै लगेको र लाने कुरा इतिहाससिद्ध भएको छ।

एउटा धर्म, भाषा र जातिको प्रभुत्वका लागि यो राज्यसत्ताले सयौं वर्षदेखि अन्य धर्म भाषा र जातिका जनतामाथि भेदभाव, शोषण र दमनको प्रक्रिया चलाएर देशको समुचित विकास र सुरक्षाका लागि अपरिहार्य राष्ट्रिय एकताको शक्तिलाई विखण्डित पार्ने षड्यन्त्र गर्दै आएको छ। उता विदेशीसाम्राज्यवाद र विस्तारवादका अगाडि भने घुँडा टेकेर बारम्बार नेपालको राष्ट्रियता र सार्वभौमिकताको सौदाबाजी गर्दैआएको छ। नेपालको प्राकृतिक जलसम्पदादेखि नेपाल आमाको छातीमा समेत बुट बजार्ने वर्तमान सत्ताले निर्लज्जतापूर्वक छुट दिँदै आएको छ। यो प्रक्रिया अझ केही समय जारी रहन दिने हो भने नेपालको अस्तित्व नै लोप हुन जाने कुरामा कुनै पनि देशभक्त, विवेकशील र स्वाभिमानी नेपालीका बीचमा दुई मत हुन सक्तैन ।...."

माओवादी जनयुद्ध प्रत्यक्षतः तात्कालिक परिस्थितिको राजनीतिक उपज देखिएपनि यो आर्थिक, राजनीतिक र साँस्कृतिकरुपमा नेपाली समाजको आमूल परिवर्तनको लक्ष्य सहितको सर्वहारावादी क्रान्तिको उठान थियो । यसै कारण जनयुद्धले नेपाली समाजको इतिहासलाई वर्गसंघर्षको आधारमा ऐतिहासिक द्वन्द्ववादी व्याख्या गऱ्यो, र समाजलाई हेर्ने दृष्टिकोणमा नवीन चिन्तनको विकास गऱ्यो । राज्यको निम्ती धर्मनिरपेक्षता, जनसमुदायबीचको बहुसांस्कृतिकता, एकल शासकीय एकल राष्ट्रवादको साटो सबै वर्गीय र साँस्कृतिक समुदायअँटाउने नेपालीत्वको सामुहिक देशभक्ति, बहुसंख्यक श्रमजीविवर्ग र उत्पीडितसमुदाय अर्थात जनताको राज्य, गणतन्त्र, आत्मनिर्णयको अधिकार, स्वायत्तता र संघीयता आदि जनवादका अग्रगामी बहस र विमर्शहरुयस्का सटिक उदाहरण हुन् । माओवादी जनयुद्धले जनतामा भरेका इतिहासबोध भनेको 'इतिहास भनेको राजा महाराजाहरुको वीरता र कृत्यको विवरण होइन, ऐतिहासिकरुपमा विकसित जनसमुदायको पसीना र रगत मिसिएको श्रमसंघर्ष र उनिहरुबीचको अन्तर्विरोध, अन्तर्घुलन, विजय, पराजय र निरन्तर संघर्षबाट विकसित समाजको दस्तावेज हो ।'

साँच्चै माओवादी जनयुद्ध नेपाली जनताको सौर्यको युगान्तकारी प्रयोग थियो, जस्ले नेपाली समाजलाई जरोदेखी नै उथलपुथल पारीदिएको थियो । यसले प्रक्षेपण गरेका आर्थिक, सामाजिक र राजनीतिक विषयहरु अहिलेपनि नेपाली समाजमा बहस र विमर्शका विषय बनिरहेका छन् । वर्गीय आधारमा माओवादी जनयुद्धलाई राजनीतिक अपराध र हिंसात्मक भनेर बदनामगर्ने र विरोधगर्ने व्यक्ति र राजनीतिक दलहरु कयौं छन्। तरपनि माओवादीहरुले श्रमिकवर्गीय चेतना, गणतन्त्र, उत्पीडित वर्गीय जनवाद र स्वायत्तता जस्ता प्रगतिशील राजनीतिक र सामाजिक चेतनाहरुले नेपाली समाजलाई अहिलेपनि स्पन्दित गरिरहेको छ। अरु त अरु वर्तमान गणतन्त्रको मूल कारण दसवर्षे जनयुद्ध नै हो, होइन भने जतिबेला जनयुद्धमा जनताले प्राणाहुति र सर्वस्व बलिदान गरिरहेका थिए, अन्य राजनीतिक दलहरु त्यतिखेर तत्कालीन बहुदलिय राजतन्त्रकै रक्षामा थिए । अब राजनीतिक दलहरुले सुरक्षा दिन सक्दैनन् भन्ने बुझेर राजाले लखेटेपछि मात्रै संसदीय राजनीतिक दलहरु माओवादीसंग मिलेर जनआन्दोलनमा उत्रेका थिए । जे होस अहिलेको गणतन्त्र माओवादी र संसदीय लोकतन्त्रवादी राजनीतिक दलहरुको सम्झौताको परिणाम हो । त्यसैले होला, अहिलेको संघीय लोकतान्त्रिक गणतन्त्र सम्विधानमा जनताको सार्वभौमिकतामा भनिएपनि परिणाममा यो पूँजीवादी अधिनायकत्वकै एउटा रुप हो।

अफसोस ! तेह्र हजारभन्दा बढी नेपाली जनताको सर्वोत्तम सन्तानहरुको महान शहादत पछि पनि जनयुद्ध अधुरै टुङ्गियो । गणतन्त्र, संघीयता, सम्विधानमा धर्मनिरपेक्षता, समावेशिता यस्का आंशिक उपलब्धिहरु हुन्, तर माओवादीले जुन श्रमजीवि वर्ग र उत्पीडित जनसमुदायको राज्यस्थापनाको लक्ष्य लिएको थियो, त्यो भने अधूरै छन्। विभाजित अवस्थामा रहेका माओवादीहरु मध्ये कोही वर्तमान गणतन्त्रमा नियमित पार्टी झै संसदीय अभ्यासमा मस्त छ र माओवादभन्दा भिन्न वैचारिक आवरण खोज्दै छ । त्यस्तै गैरसंसदीय माओवादीहरु अस्तित्व बचाउने संघर्षबाट माथी उठ्नै सकेका छैनन्।

राज्यसत्ताको यस अराजक स्थितिबीच परिस्थिति भने उल्टो दिशामा मोडिँदै छ । बहुदलिय राजतन्त्रको अन्तिम समयको संक्रमणकालीन रोगहरु यस गणतन्त्रमा पनि देखिन थालेको छ। कतिसम्म भने गणतन्त्रको शुरुमा अवशेषमा परिणत हुँदैगएका राजतन्त्रवादीहरु, संकीर्ण धार्मिकतावादीहरु तथा दक्षिणपन्थी प्रतिगामीशक्तिहरु पुनः सत्तावृत्तमा देखिन थालेका छन् । यो गणतन्त्र र संघीयता, दुबैको निम्ती संकटको द्योतक हो ।निश्चय नै यो वर्तमान राज्यसत्ता र यस्का सञ्चालकहरुको अयोग्यता हो। यो माओवादीहरुले समय समयमा गरेका त्रुटिपूर्ण निर्णय तथा वैचारिकताबाट टाढिँदै र स्खलित हुँदै जानुको परिणामपनि हो। यतिबेला जनयुद्धबाट प्राप्त आंशिक उपलब्धि समेत गुम्ने खतराहरु बढदै गैरहेको छ, भने अर्कोतिर अग्रगामी र क्रान्तिकारीशक्तिहरु क्रमशः कमजोर हुँदै गैरहेका छन्।

माओवादी जनयुद्धको प्रयोगबाट अनेकौं शिक्षा लिन सकिन्छ, तर एउटा महत्वपूर्ण शिक्षा के हो भने जनयुद्ध जतिबेलासम्म सर्वहारावर्गीय पक्षधरता तथा वैचारिकता प्रति प्रतिबद्ध रह्यो विकासमान थियो र गैरवैचारिकता तथा वर्गविमुखताको कारण विघटित भयो। वर्तमानमा माओवादी जनयुद्ध इतिहास भैसकेको छ, तर यसले नेपाली समाजलाई शताब्दियौं सम्म प्रभावित गरिरहने छ। नयाँ पुस्ताले थाहा पाउनु पर्छ अहिलेका गणतन्त्र र संघीयता सहजै आएको होइन, मधेश, पहाड र हिमाल सबै भूगोलका जनसमुदायले यसको निम्ती रगत र पसिना बगाएका छन् । यस परिवर्तनलाई अग्रगामी दिशामा लैजान अग्रगामीशक्तिहरुले सचेततापूर्वक एकजूट हुनुपर्ने आवश्यकता छ।

# उच्च जोखिम र अतिक्रमणको चपेटामा चाँगुनारायण

-रमेश गिरी

लिच्छवी राजा हरिदत्त वर्माको समयमा करिब दुई हजार तीन सय वर्षअघि निर्माण भएको इतिहास रहेको प्रसिद्ध चाँगुनारायण मन्दिर उच्च जोखिममा परेको छ । संयुक्त राष्ट्र सङ्घअन्तर्गतको युनेस्कोले सन् १९६९ मा विश्वसम्पदा सूचीमा समावेश गरेको चाँगुनारायण मन्दिर वर्षामा जाने पहिरो र हिउँदमा बर्सेनि बालुवा उत्खनन र निकासीका कारण उच्च जोखिममा परेको छ।

लिच्छवी राजा मानदेवले ५२१ सालमा मन्दिर जीर्णोद्धार गरेसँगै मन्दिर अगाडि संस्कृत भाषामा लिच्छवी अक्षरले लेखिएको गरुडको प्रस्तर मूर्तिलगायत शिलापत्र राख्न लगाएको इतिहास रहेको छ । चाँगुनारायण मन्दिर ३२३ वर्षअघि राजा भूपालेन्द्र मल्लले जीर्णोद्वार गराउँदा मन्दिरको मुख्य ढोका अगाडि राखिएको रानी भुवनलक्ष्मी मल्लको ढलोटको मूर्ति अहिले पनि देख्न सकिन्छ।

मन्दिरको पूर्व र पश्चिम दिशा वर्षौंदेखि गएको पहिरो नियन्त्रणमा आउन नसक्दा मन्दिर उच्च जोखिममा परेको हो । मन्दिरको पश्चिमपट्टि रहेको चाँगुनारायणको नौमध्ये महत्वपूर्ण चन्द्र सूर्यको मठसम्म पहिरो आइपुगेको मन्दिरका पुजारी चक्रधरानन्द राजोपाध्यायले बताउनुहुन्छ । अनिवार्य पूजा गर्नुपर्ने उक्त मठ नजिकै पहिरो आएको बताउँदै उहाँले मन्दिर उच्च जोखिममा पर्दा पनि यसलाई जोगाउन सम्बन्धित निकायले चासो नदिएको गुनासो गर्नुभयो।

लामो समयदेखि मनोहरा खोलामा भइरहेको बालुवा चोरी निकासी रोक्न नसकिएको, मन्दिर रहेको ठूलो थुम्काको तल आडका रुपमा रहेका ससाना ढिस्का, पहाडलाई खोस्रेर बालुवा खानी सञ्चालन गर्ने र जग्गा चक्लाबन्दी गरेर बिक्री गर्ने क्रम बढेपछि मन्दिर थप जोखिममा परेको स्थानीयवासीको भनाइ छ। यस क्षेत्रमा २० वर्षदेखि पहिरो जान थालेको बताउँदै स्थानीयवासीले पहिरो रोकथाम गर्न र जथाभावी बालुवा झिक्न रोक्न नसकिएका कारण मन्दिर थप जोखिममा परेको बताएका छन्।

पुरातत्व विभाग तथा दरबार हेरचाह कार्यालय भक्तपुरकी प्रमुख अरुणा नकर्मी चाँगुनारायण मन्दिर अतिक्रमणमा परेको गुनासो गर्नुहुन्छ । उहाँ मनोहरा खोलामा हुने बालुवा उत्खनन तथा निकासी, आसपासका साना ढिस्का भत्काउनु र अहिले पनि मन्दिरलाई समेत दीर्घकालीनरुपमा क्षति हुने गरी आसपासका क्षेत्रमा डोजर लगाउनुले मन्दिर जोखिममा परेको बताउनुहुन्छ।

मन्दिर क्षेत्र र आसपासका मन्दिरको सम्पत्ति अतिक्रमणको चपेटाका पर्दा यहाँको मौलिक धरोहर नै सङ्कटमा परेको उहाँको भनाइ छ। सार्वजनिक र मन्दिरको सम्पत्ति व्यक्तिका नाममा दर्ता हुने र अतिक्रमण गरेर व्यवसाय सञ्चालन गर्ने क्रम बढेकाले मन्दिरको अस्तित्व सङ्कटमा परेको उहाँको भनाइ छ।

विसं २०७२ को महाभूकम्प र त्यसपछिको परकम्पले मन्दिरलाई क्षति पुऱ्याएपछि पुरातत्व विभागले मूल मन्दिरको जीर्णोद्धार सकाएर मन्दिरको चौघेरा सत्तल पुनःनिर्माण गर्न सुरु गरेको छ। यसअघि पनि पहिरो नियन्त्रणका लागि काठ र बाँसका टेका दिएर जस्ताले बारिएको थियो तर मन्दिरको ठीक तल उत्तर पूर्वतर्फ मनोहरा खोला र आसपासका ढिस्को फोडेर बालुवा निकासी गर्ने क्रम नरोकिँदा मन्दिर थप जोखिममा परेको हो । उत्तरतर्फ गङ्गा महारानीको सत्तलको पछाडिको भाग पहिरो गएकाले चाँगु मन्दिर र सत्तलका साथै बस्तीमा पनि असर पुऱ्याउने खतरा बढ्दो छ। पश्चिमको १०८ सिंढी तलको शङ्ख, चक्र छेउको पहिरोले शङ्ख, चक्र जोखिममा परको छ। मन्दिर आसपासका क्षेत्रमा माटो, बालुवा उत्खनन गर्दा जमिन भासिने, धाँजा फाट्ने क्रम बढेको विभिन्न अध्ययनले देखाएको छ। मन्दिर क्षेत्र वरिपरि प्रत्येक वर्ष सानातिना पहिरो झर्ने क्रम जारी रहेको छ।

मनोहरा खोलाको बालुवा निकाल्न र क्रिकेट मैदान निर्माणमा ठूला उपकरणबाट बालुवा उत्खनन गर्दा मन्दिरको जमिन भासिँदै गएको युनेस्कोको अध्ययनले देखाएको छ । इटालीका भूगर्भविद्ले २०७२ वैशाख १२ गतेको भूकम्पपछि चाँगुनारायण क्षेत्रको अध्ययन गरी पुरातत्व विभागलाई प्रतिवेदन बुझाएका थिए। अध्ययनमा १६ ठाउँमा पहिरो गएको र यसले मन्दिरलाई अरु जोखिम बढाएको उल्लेख गरेको छ । अध्ययनले यहाँको कमजोर भू-सतहका कारण मन्दिर उच्च जोखिममा परेको देखाएको छ।

अध्ययन प्रतिवेदनमा कमजोर, बलौटे र सजिलै बग्ने माटो भएको जनाएको छ। यस प्रतिवेदनले भिरालो संरचना भू-क्षय र पहिरोबाट जोगाउन तत्काल माटो, बालुवाजन्य वस्तु उत्खनन रोक्नुपर्ने, बायो-इञ्जिनियरिङ प्रविधि अपनाउनुपर्ने र ठाउँठाउँमा रिटेनिङ, ग्याबिन पर्खाल लगाउनुपर्ने सुझावसमेत दिएको थियो। ती कुनै सुझाव कार्यान्वयनमा आएका छैनन्। भूकम्पपछि सरकारले पठाएको प्रतिवेदन र भूविज्ञहरूको सूचनाका आधारमा युनेस्कोको 'वर्ल्ड हेरिटेज सेक्सन'ले गरेको अनुगमनमा मन्दिरका संरचना भत्किएको र जमिन भासिएको उल्लेख गरेको छ। मन्दिरको उत्तर-पश्चिम क्षेत्रमा विगत १० वर्षयता लगातार पहिरो गइरहेको छ। यसअघि पनि पश्चिमपट्टि रहेको चाँगुनारायणको नौमध्ये महत्वपूर्ण चन्द्र सूर्यको मठसम्म पहिराले छोएको थियो । पुरातत्वले सत्तल पुनःनिर्माणका लागि पर्खाल लगाए पनि डाँडामुनिको निरन्तर बालुवा उत्खननका कारण जुनसुकै बेला पहिरो झर्ने पूर्ववडाध्यक्ष बुद्धिलाल श्रेष्ठका बताउनुहुन्छ।

त्रदशकौंदेखि पहिरोको जोखिम मानिँदै आएको चाँगु क्षेत्रका सम्पदासमेत नासिँदै गएका छन्। यस क्षेत्रको मुख्य धरोहर मानिएको नौ दह लगभग करिब लोप हुने अवस्थामा पुगेका दरबार हेरचाह कार्यालयकी प्रमुख नकर्मी बताउनुहुन्छ। यहाँको शङ्ख दह, धनचा दह, सिन्हः पुखु, ग्वाल्दह, बाँदह, तेपोवुंग्वा दह, अजिमा दह, फादह, काली दहमध्ये अधिकांश अहिले अवशेषका रूपमा मात्र रहेका छन्।

मुख्य मन्दिरसँग जोडिएर आउने शङ्ख दहमा गएको पहिरोसँगै भासिएको थियो। चाँगुनारायण नगरपालिकाले मन्दिर क्षेत्रको शङ्ख दह संरक्षणका लागि यसअघि बजेट विनियोजन गरेपनि दहले मौलिक स्वरूप नपाएर कृतिम अवस्थामा राख्नु परेको पूर्व वडाध्यक्ष श्रेष्ठ बताउनुहुन्छ। दुई वर्ष अगाडि नै पुनर्निर्माणका लागि शङ्ख दहमा खाल्डो खन्ने काम भए पनि अरु कार्य अगाडि बढेको छैन। यहाँका ऐतिहासिक दहका जमिन भासिने, धाँजा फाट्ने र सुक्दै जाने क्रम बढिरहेको छ।

यस मन्दिरमा पर्वअनुसार चल्ने नाच, भजन, जात्रा, बाजा समेत लोपोन्मुख अवस्थामा पुगेको चाँगुनारायण मन्दिरका मूल पुजारी चक्रधरानन्द रोजोपाध्यायको भनाइ छ। विगतमा नगरपालिकाले यही मन्दिर देखाएर पर्यटन शुल्क असुले पनि सम्पदा संरक्षणमा चासो नदिएको उहाँको गुनासो छ । यहाँका ढिस्कोहरु भत्काएर जग्गा सम्याउने नाममा दैनिक डोजर लाग्दा र ढिस्को सम्याउँदा मन्दिर थप जोखिममा परेको उहाँ बताउनुहुन्छ।

सम्पदास्थललाई नै क्षति पुग्ने गरी कुनै अध्ययन अनुसन्धान नगरी डोजर लगाउँदा थप भू-क्षय हुने र यसको प्रतक्ष्य असर मन्दिरलाई पर्ने भन्दै उहाँ चिन्ता व्यक्त गर्नुहुन्छ। सम्बन्धित निकायमा यसबारेमा जानकारी गराए पनि नरोकिएको र नगरपालिकाले पनि यसतर्फ कुनै चासो नदिएको उहाँको भनाइ छ।

उहाँले यस्तो प्रसिद्ध मन्दिरसमेत अतिक्रमण र व्यक्तिको नाममा दर्ता गर्ने क्रम बढेको बताउनुभयो । मूल पुजारी राजोपाध्यायले भन्नुभयो, "एकातिर मन्दिर नै सङ्कटमा परेको छ। अर्कोतर्फ मन्दिरको सम्पदास्थलनै व्यक्तिको नाममा दर्ता भएका छन् । मन्दिरको पूर्वतर्फको मल्लकालीन मूर्ति भएको जमिन व्यक्तिले आफ्नो नाममा दर्ता भएर आएको छ । मन्दिरको पूर्व खानेपानी ट्याङ्की मल्लकालीन दरबार, मूर्तिहरु भएको र चाँगुनारायण कूलदेवताको घर समेत व्यक्तिको नाममा दर्ता भएर आएको छ। मन्दिरको जग्गामा घर र होटलहरु बनेका छन्, अतिक्रमणको निकै चपेटामा परेको छ।"

यसबारेमा पुरातत्व विभागदेखि गुठी संस्था कार्यालयसम्म स्थानीयले हस्ताक्षरित पत्र बुझाइसकेका छन् । चाँगुनारायणको कूलदेवताको घर र त्यहाँका मन्दिरका लागि गुठी संस्थानले पूजा चलाउने हरेक वर्ष पूजा खर्च र बाली दिँदै आएको गुठी संस्थानले व्यक्तिको नाममा दर्ता भएको उक्त जमिन चाँगुनायण मन्दिरको हो भनेर प्रमाण नभएको जवाफ दिएको गुनासो उहाँको छ । मन्दिर क्षेत्रभित्रै वर्षौंदेखि सञ्चालन गरिँदै आएको किराना पसल पनि खाली गराउन सकेको छैन।

नगरपालिकाका प्रमुख जीवन खत्री भने आउँदो आर्थिक वर्षमा चाँगुनारायण मन्दिर र त्यससँग जोडिएको ऐतिहासिक सम्पदाहरुको संरक्षणका लागि गुरुयोजना बनाएर संरक्षणमा लाग्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "नगरपालिकासँग थोरै बजेट हुन्छ, त्यसबाट यति ठूलो सम्पदाको संरक्षण सम्भव छैन, त्यसका लागि नगरपालिकासँगै प्रदेश र केन्द्रीय सरकारबाट बजेट व्यवस्थापनका लागि पहल गरिएको छ।"

मनोहरा खोलाको बालुवा उत्खनन रोक्नेतर्फ पनि ध्यान दिनुपर्ने हुन्छ। भक्तपुर र काठमाडौंको सिमाना रहेको यस खोलामा वर्षौंदेखिको बालुवा उत्खनन, चोरी पैठारीलाई रोक्नु आवश्यक रहेको उहाँको भनाइ छ । वर्षौंदेखि बालुवा दोहन, मन्दिरको आडका रुपमा रहेको यहाँका ससाना ढिस्का सबै मासेर सम्याएर जग्गा चक्लाबन्दी गर्दै यहाँ घर ठडिएकाले पनि मन्दिर जोखिममा परेको छ।

मन्दिरको संरक्षणसँगै यस क्षेत्रलाई विदेशी पर्यटकको आकर्षक केन्द्रका रुपमा विकास गर्ने योजना नगरपालिकाले अगाडि सारेको उहाँको भनाइ छ । विश्वसम्पदा सूचीभित्रको चाँगुनारायण मन्दिर, त्यहाँको मानव बस्ती र खानेपानीको मुहान जोखिममा परेको पूर्वसांसद प्रेम सुवाल बताउनुहुन्छ । स्थानीयवासीले २०७७ माघ १९ गते चाँगुनारायण मन्दिर रहेको सिङ्गो डाँडोलाई संरक्षण गर्न वरिपरि माटो र बालुवा उत्खनन कार्य बन्द गराउन जिल्ला प्रशासन कार्यालयमा भक्तपुरमा निवेदन दिएका थिए। तर पनि माटो बालुवा उत्खनन नरोकिएको उहाँको भनाइ छ ।रासस

# विकास निर्माणमा सबै दलको सहकार्य जरुरी : मन्त्री शर्मा



दाङ । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले विकास निर्माणमा सबै दलसँग सहकार्य आवश्यक भएको बताउनुभएको छ।

नारायणपुर उद्योग वाणिज्य सङ्घ दाङले गरेको स्वागत तथा सम्मान कार्यक्रममा उहाँले विकास निर्माण कुनै दल विशेषको नहुने भन्दै त्यसका लागि स्थानीय तहसँगको सहकार्यमा आवश्यक रहेको बताउनुभयो ।

गृह जिल्ला दाङ आउनुभएकी मन्त्री शर्माको स्वागत तथा सम्मानका लागि आज विहान कार्यक्रम आयोजना गरिएको थियो। विकास निर्माणको नेतृत्व आफूले गर्ने भन्दै त्यसका लागि आम जनतालाई सहयोग गर्न आग्रह गर्नुभयो।

लामो समयदेखि घोराही-तुलसीपुर निमार्णधिन चारलेन सडक अलपत्र रहेको भन्दै त्यसलाई अगाडि बढाउन अर्थमन्त्रीसँग छलफल भएको जानकारी दिनुभयो । आठ पटकसम्म ठेकेदार परिवर्तन हुँदा पनि सडक निर्माणले गति नलिएको भन्दै उहाँले सरकारले बजेट सुनिश्चित गरी ठेक्का सम्झौता तोड्ने तयारी गरेको उल्लेख गर्नुभयो ।

सञ्चार मन्त्रालय देशको राष्ट्रियतासँग जोडिने मन्त्रालय भएपनि आफ्नो मन्त्रालयलाई नागरिकसँग कसरी जोड्न सकिन्छ भनेर ध्यान दिएको उहाँको भनाइ छ ।रासस

# माओवादी आन्दोलनका विभिन्न पक्षलाई एकताबद्ध हुन अध्यक्ष दाहालको अपिल

काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी आन्दोलनका विभिन्न पक्ष( धार) लाई सामाजिक न्याय र रुपान्तरणका निम्ति एकताबद्ध भएर अगाडि बढ्न अपिल गर्नुभएको छ।

२८ औँ जनयुद्ध दिवसका अवसरमा पार्टी मुख्यालय पेरिसडाँडामा आज आयोजित कार्यक्रममा उहाँले मुलुकको समृद्धिका लागि माओवादीका विभिन्न धारबीच एकता आवश्यक रहेको बताउनुभएको हो । "यो हामी सबैका निम्ति खुसी र गर्वको कुरा पनि हो, केही समयदेखि आन्दोनललाई एकताबद्ध गर्ने प्रक्रिया अगाडि बढेको छ", उहाँले भन्नुभयो, "सबैले आआफ्नो ढङ्गले त्यो एकता प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने प्रतिबद्धता पनि गरेका छन् ।"

आफैँले पनि धेरै समूहको नेतृत्वसँग पनि पार्टी एकताका लागि विभिन्न छलफल चलाएको उल्लेख गर्दै उहाँले छिट्टै पार्टी एकताको प्रक्रिया अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभयो। "त्यसले माओवादी नेता कार्यकर्तामा मात्र होइन आम नेपाली जनतालाई पनि फेरि एक पटक नयाँ ढङ्गले उत्साहित गर्नेछ, नयाँ ढङ्गले सङ्गठित गर्ने काम हुनेछ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

अध्यक्ष दाहालले माओवादी आन्दोलनभित्रका मात्रै होइन, कम्युनिष्ट र समाजवादी आन्दोलनका शक्तिहरुसँग पनि समाजवादी मोर्चा बनाएर जाने सैद्धान्तिक सहमति बनेको बताउनभुयो । "भोलिको नेपालको नेतृत्व लिन विकल्पका रुपमा छिट्टै एउटा समाजवादी मोर्चा अगाडि आउनेछ", उहाँले भन्नुभयो, "यसका लागि तपाईंहरुले आआफ्नो ठाउँबाट पहल गर्नुपर्ने छ।"



**जनयुद्ध राष्ट्रकै सम्पत्ति**

कार्यक्रममा प्रधानमन्त्री दाहालले जनयुद्ध माओवादीको मात्रै नभएर नेपाल राष्ट्रकै सम्पत्ति भएको बताउनुभयो। "जनयुद्ध माओवादीको मात्र नभएर राष्ट्र र आम नेपाली जनताकै सम्पत्ति बन्न पुग्यो। यसलाई ठीक ढङ्गले स्थापित गर्ने जिम्मेवारी भने तपाईं हाम्रै छ", उहाँले भन्नुभयो, "हामीले नै यसलाई आम जनताका बीचमा स्थापित गर्ने र यसै प्रक्रियाबाट सुशासन र विकासको नयाँ अभियानतर्फ लैजानुपर्ने आवश्यकता छ।"

ऐतिहासिक दिन भएकाले वैधानिक तवरले जनयुद्धलाई यसअघि नै स्थापित गरिनुपर्थ्यो भन्दै उहाँले ढिलै भए पनि सरकारले जनयुद्ध दिवस मनाउने र सार्वजनिक बिदा दिने निर्णय गरेको बताउनुभयो। "यो निर्णय सम्पूर्ण सहिद, बेपत्ता, घाइते र अपाङ्गता भएका व्यक्तिप्रतिको सम्मान हो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यो परिवर्तनलाई अब सामाजिक, आर्थिक रुपान्तरणतर्फ अगाडि बढाउने सङ्कल्प पनि हो।" यो दिवसलाई स्मरण गर्दै अहिले आफूहरु सामाजिक न्याय, सुशासन र समृद्धिको नयाँ यात्रामा अगाडि बढेको उहाँको भनाइ छ।

अर्थतन्त्र र राजनीतिको गम्भीर चुनौतीको वर्तमान अवस्थामा आफूले सरकारको नेतृत्व लिएको जनाउँदै उहाँले आफूहरुलाई असफल हुने कुनै छुट नभएको बताउनुभयो । "अर्थतन्त्र र राजनीतिको स्थिति के छ तपाईं हामी सबैलाई थाहा छ। यो सबै सन्दर्भमा मैले सरकारको नेतृत्व गर्ने अवसरलाई चुनौतीपूर्ण अवसरका रुपमा लिएको छु", प्रधानमन्त्री दाहालले भन्नुभयो, "हामीलाई असफल हुने बिल्कुल छुट छैन । हामीले सामाजिक न्यायको क्षेत्रमा सुशासनका क्षेत्रमा र आर्थिक विकासको क्षेत्रमा फड्को मार्नै पर्ने छ।"

केही समयदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानमाथि कैयौँ कोणबाट प्रश्न उठाउने कोशिस भइरहेका जनाउँदै उहाँले यस्तो बेलामा यो परिवर्तन ल्याउने प्रमुख आन्दोलन र त्यसको नेतृत्वले यसको औचित्य सिद्ध गर्नका लागि दृढताका साथ अगाडि बढ्नुको कुनै विकल्प छैन ।रासस

# परराष्ट्रमन्त्री पौड्यालसँग भारतीय विदेश सचिव क्वात्राको भेटवार्ता



काठमाण्डु । परराष्ट्र मन्त्री डा विमला राई पौड्यालसँग भारतका विदेश सचिव विनयमोहन क्वात्राले शिष्टाचार भेटवार्ता गर्नुभएको छ। मन्त्रालयमा सोमबार भएको भेटमा उहाँहरुबीच द्विपक्षीय सहयोगका विविध विषयमा छलफल भएको थियो।

भेटमा द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउँदै विकास सहायता अभिवृद्धि गर्नेलगायतका विषयमा छलफल भएको मन्त्री डा पौड्यालले जानकारी दिनुभयो। उहाँले गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि नयाँ अन्तर्राष्ट्रिय हवाईरुटका सम्बन्धमा समेत छलफल भएको बताउनुभयो।

मुख्यगरी नेपालमा विकास सहायता वृद्धि गर्ने, लगानीको वातावरण बनाउने, कनेक्टिभिटी, द्विपक्षीय व्यापारमा देखिने समस्या हल गर्ने, विद्युत् व्यापारलगायतका विषयमा छलफल भएको थियो।

भेटमा मन्त्री पौड्यालले जलवायु परिवर्तनका मुद्दामा अन्तर्राष्ट्रिय मञ्चमा दक्षिण एसियाका मुलुकको एउटै आवाजका लागि संयन्त्र बनाउने सम्बन्धमा समेत कुरा राख्नुभएको थियो।

भारतका विदेश सचिव क्वात्रा परराष्ट्र सचिव भरतराज पौड्यालको निमन्त्रणामा नेपालको दुई दिने औपचारिक भ्रमणका लागि आज यहाँ आउनुभएको हो । नेपाल आएलगत्तै उहाँ सचिवस्तरीय बैठकमा सहभागी हुनुभएको थियो । सचिवद्वय पौड्याल र क्वात्राले नेपाल र भारतबीचको बहुआयामिक सहकार्यका विविध पक्षबारे छलफल गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ । सो अवसरमा उहाँहरुबीच कनेक्टिभिटी, ऊर्जा व्यापार, कृषि, स्वास्थ्य, संस्कृतिलगायत द्विपक्षीय सहयोगका विविध विषयमा छलफल भएको थियो।

विदेश सचिवको कार्यभार सम्हालेपछिको यो उहाँको पहिलो नेपाल भ्रमण हो। दुई देशबीचको नियमित उच्चस्तरीय भेटवार्ताको परम्परा र भारतको 'छिमेकी पहिलो' नीतिअन्तर्गत भारतले नेपालसँगको सम्बन्धलाई दिएको प्राथमिकता अनुरुप यो भ्रमण भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ ।रासस

# सामुदायिक रेडियोलाई प्रोत्साहन गर्ने नीति बनाउन पहल गर्छौं : मन्त्री पौडेल

काठमाण्डु । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले सरकारले सामुदायिक रेडियोलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति लिने बताउनुभएको छ।

पछिल्लो समयमा मुलुकमा सामुदायिक रेडियो प्राथमिकतामा नपरेको भन्ने गुनासो भइरहेका बेला उहाँले कुनै सञ्चारमाध्यमले रेडियोलाई विस्थापित गर्न नसक्ने विचार प्रकट गर्नुभयो।

विश्व रेडियो दिवसका अवसरमा युनेस्को, अमार्क एशिया प्यासेफिक र इन्डिजिनियस मिडिया नेटवर्कको सहकार्यमा आयोजित कार्यक्रममा अर्थमन्त्री पौडेलले भन्नुभयो, "सञ्चारमाध्यमका प्रकार थपिँदै गए पनि रेडियोको उपयोगिता न सकिएको छ, न सकिने छ।"

संविधानसँग बाँझिने गरी कानुन बनाउन नमिल्ने भन्दै सामुदायिक रेडियोका सन्दर्भमा सङ्घीय अधिकारसँग बाँझिने गरी कुनै अभ्यास गर्न नमिल्ने उहाँको भनाइ छ।

'रेडियो र शान्ति' नारासहित १२ औँ विश्व दिवसको अवसरमा आयोजित कार्यक्रममा राष्ट्रियसभा उपाध्यक्ष उर्मिला अर्यालले सामुदायिक मुद्दालाई समेट्ने सञ्चारमाध्यमका रुपमा समुदायिक रेडियोको प्रभावकारिता रहेको बताउनुभयो।

कार्यक्रममा सामूदायिक रेडियो प्रसारक सङ्घका अध्यक्ष अर्जुन गिरीले सामुदायिक रेडियो राजनीतिक र सामाजिक रुपले पछि परेको रेडियोकर्मीको गुनासो रहेको बताउँदै रेडियो विपद्को सुखदुःखको साथी रहेकाले राज्यको अभिभाकत्वको भूमिका आवश्यकपर्ने बताउनुभयो।

कार्यक्रममा सूचना तथा प्रसारण विभागका महानिर्देशक शङ्कर नेपालले मानव विकास सूचकाङ्क बढाउन सामुदायिक रेडियोको योगदान धेरै रहेको बताउनुभयो । उहाँले रेडियोको लाइसेन्स सङ्घबाट जारी गर्ने र हुलाकबाट नवीकरण गर्ने व्यवस्थाका कारण सेवा लिनेलाई झन्झट भएको बताउनुभयो । उहाँले समस्या समाधानका लागि छलफल गरी अघि बढ्न आफूहरू तयार रहेको धारणा व्यक्त गर्नुभयो ।रासस

# पर्यटन क्षेत्र आर्थिक समृद्धिको खम्बा : मन्त्री किराती

मोरङ ।संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले पर्यटन क्षेत्र मुलुकको आर्थिक समृद्धिको खम्बा भएको बताउनुभएको छ।

सोमबार विराटनगर विमानस्थलमा नयाँ टर्मिनल भवनको शिलान्यास गर्दै उहाँले पर्यटन क्षेत्रबाट थोरै लगानीबाट पनि धेरै विदेशी मुद्रा आर्जन गर्न सकिने बताउनुभयो।

मन्त्री किरातीले आम जनताका भावना, सरोकारबालाको सुझाव र यहाँको आवश्यकताका आधारमा नयाँ भवन तथा धावनमार्ग विस्तार शुरु गरेको बताउनुभयो।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले भारतीय पर्यटकलाई ध्यानमा राखी विराटनगरबाट हिमाली दृश्यवालोकन उडान गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, उपमहानिर्देशक हंशराज पाण्डे, होटल व्यवसायी राजन श्रेष्ठ र उद्योगपति राजेन्द्र खनालले प्रदेशमा रहेका १४ वटा विमानस्थलमा यहाँवाट हवाई उडान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।

कूल १६ हजार दुई सय ७७ वर्गमिटर क्षेत्रफलमा फैलिने टर्मिनल भवन रू दुई अर्ब ४२ करोडको लागतमा निर्माण हुनेछ । भविष्यमा बढ्नसक्ने हवाई यात्रुको चापलाई ध्यानमा राख्दै धावनमार्ग बिस्तार गरिन लागिएको विराटनगर विमानस्थलका प्रमुख रिञ्जी शेर्पाले जानकारी दिनुभयो ।रासस

# राजनीतिभन्दा माथि उठेर खानेपानी सेवा प्रवाह गर्नुपर्छ : मन्त्री खाँन

काठमाण्डु । खानेपानी मन्त्री अब्दुल खाँनले संविधानमा खानेपानी र सरसफाइलाई मौलिक हकका रुपमा राखिएकाले राजनीतिभन्दा माथि उठेर सेवा प्रवाह गरिनुपर्नेमा जोड दिनुभएको छ।

काठमाण्डु उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को १५ औँ वार्षिकोत्सव समारोहलाई सोमबार सम्बोधन गर्नुहुँदै उहाँले राजधानीवासीका घरघरमा खानेपानी सेवा दिनसकेमात्र वार्षिकोत्सव मनाएको महत्व हुने बताउनुभयो।

काठमाण्डु उपत्यकाका सबै स्थानमा समानुपातिक रुपमा खानेपानी वितरण गर्न पनि मन्त्री खाँनले सरोकार भएका निकायका अधिकारीलाई निर्देशन दिनुभयो। उहाँले नेपालले प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्म ९० प्रतिशतभन्दा धेरै जनसङ्ख्यालाई स्वच्छ खानेपानी पुऱ्याउने लक्ष्य हासिल गर्न सबै लाग्नुपर्ने बताउनुभयो।

मन्त्रालयलगायत खानेपानीसँग सरोकार भएका निकायले गल्ती गरे त्यसलाई सार्वजनिक गरेर सञ्चारमाध्यमले सहयोग गर्न पनि आग्रह गर्नुभयो।खानेपानीको मिटरमा समस्या भएको भन्ने ग्राहकको गुनासो बढेकाले त्यसको छिटो समाधान गर्न पनि उहाँले लिमिटेडका अधिकारीहरुलाई निर्देशन दिनुभयो।



मन्त्रालयका सचिव इञ्जिनियर मणिराम गेलालले काठमाडौं उपत्यकामा हाल दैनिक ४७ करोड लिटर पानीको माग रहेको जानकारी गराउनुहुँदै मेलम्चीबाट १७ करोड लिटर र बाग्मती नदीलगायत स्रोतबाट दैनिक १३ करोड गरी ३० करोड लिटरमात्र आपूर्ति गर्न सकिएको बताउनुभयो। राजधानीवासीलाई स्वच्छ पानी वितरण गर्न मन्त्रालयले वैकल्पिक स्रोतको अध्ययन पनि गरिरहेको उहाँको भनाइ छ।

"अहिले सुन्दरीजलस्थित मेलम्चीको पानी प्रशोधन केन्द्रमा निर्माण व्यवसायीले नै पानी प्रशोधन गरिरहेका छन्, आगामी मार्च ८ देखि प्रशोधनको जिम्मेवारी पनि केयुकेएलले नै पूरा गर्नुपर्ने छ", उहाँले भन्नुभयो। 'स्काडा' प्रणालीअनुसार पानी वितरणको तयारी गरिएकाले कर्मचारीले यसमा चुस्तदुरुस्त हुनुपर्ने उहाँको भनाइ छ। "अब वैज्ञानिक ढङ्गले खानेपानीको महसुल निर्धारण गरिनुपर्छ, खानेपानीसँग सम्बन्धित संस्थाको सुधारका लागि उच्चस्तरीय समिति गठन गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पुगेको छ", उहाँले भन्नुभयो।

सचिव गेलालले सिंहदरबारभित्र पनि मेलम्चीको पानी प्रवेश गराइएकाले अब बोत्तललाई विस्थापित गरिने दाबी गर्नुभयो । खानेपानी महसुल निर्धारण आयोगका दुई सदस्य पदपूर्तिका लागि दुईपटक विज्ञापन गर्दा पनि आवेदन नपरेकाले फेरि तेस्रोपटक विज्ञापन गर्न लागिएको पनि उहाँले सुनाउनुभयो।

**मुहानै क्षेत्रमै चुहावटको पानीले बन्छ झरना** कार्यक्रममा गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसालले केयुकेएलबाट वितरण भएको पानीले झरना बन्ने गरेको अनुभव सुनाउनुभयो।

केहीदिनअघि नगरपालिकाको नारायणटार पुल क्षेत्रमा पानी चुहावट भएर आकर्षक झरना देखिएपछि आफूले लिमिटेडका कर्मचारीलाई खबर गरी व्यवस्थापन गर्न लगाएको सुनाउनुभयो।

"पानी चुहावट भएको देखेपछि मानिसले नगरपालिकाकै मुख ताक्छन्, यसको जिम्मेवारी नगरपालिकालाई पनि छैन, हामीले पनि लिमिटेडलाई नै खबर गरेर काम गराउने हो", उहाँले भन्नुभयो । गोकर्णेश्वर राजधानीका लागि पानी आपूर्ति गर्ने मुख्य स्रोत भएपनि नगरवासीले नै खानेपानी नपाएको उहाँको भनाइ छ। नगरपालिकाले एक वर्षमा सबै वडामा पानी लैजाने लक्ष्यमा लिएकाले त्यसमा साथ दिन अनुरोध समेत गर्नुभयो।

बूढानीलकण्ठ नगरपालिकाका प्रमुख मीठाराम अधिकारीले शिवपुरी र सुन्दरीजल क्षेत्रका एउटै घरमा तीन वटासम्म पानीका धारा भेटिएकाले लिमिटेडलाई नियमन गर्न आग्रह गर्नुभयो । "केही दिनअघि नगरपालिकाको नीलो पुल क्षेत्रमा चोरीको धारा बन्द गराउन जाँदा समस्या भयो, चोरेर पानी खान पाएपछि महसुल नतिर्ने बढ्छन्, । रासस

# उपप्रधानमन्त्री श्रेष्ठद्वारा जीपलाइन उद्घाटन

काठमाण्डु । उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्री नारायणकाजी श्रेष्ठले कुरिनटार स्थित रिभर फन रिसोर्टमा रहेको जीपलाइन उद्घाटन गर्नुभएको छ।

सोमबार विहान साढे १० बजे जीपलाइन उद्घाटन गर्दै अनुभव पनि लिनुभएको कम्पनीका प्रबन्ध निर्देशक शङ्कर अधिकारीले जानकारी दिनुभयो। जीपलाइनको अनुभव लिँदै उहाँले भन्नुभयो, "जीपलाइन गर्न पाउँदा नयाँ र अनौठो अनुभव भइरहेको छ।"



करिब रू तीन करोड लगानीमा निर्माण भएको रिसोर्टमा एड्भेञ्चर टुरिजम अन्तर्गत जीपलाइनका साथै रोप साइकलिङ, वाल क्लाइमिङ, ऱ्याफ्टिङ, स्पिड बोटिङलगायतको सुविधा छ ।रासस

# परराष्ट्रमन्त्रीसँग कोरियाका राष्ट्रपतिका सल्लाहकारको भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा विमला राई पौड्यालसँग गणतन्त्र कोरियाका राष्ट्रपतिका सल्लाहकार सुङ मिन जङले शिष्टाचार भेट गर्नुभएको छ।

मन्त्रालयमा सोमबार भएको भेटवार्तामा उहाँहरूबीच दुई देशबीचको आपसी सम्बन्धका विविध विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । भेटमा मन्त्री डा पौड्यालले गणतन्त्र कोरिया र नेपालबीचको घनिष्ट सम्बन्ध रहेको उल्लेख गर्दै नेपालको शिक्षा, स्वास्थ्य, पर्यटन, बौद्ध दर्शन र सांस्कृतिका आदानप्रदानलगायतका क्षेत्रमा सहकार्य अघि बढाउन कोरियन सरकारलाई गर्नुभएको थियो।

सो अवसरमा सल्लाहकार सुङले इपिएसअन्तर्गत १५ हजारभन्दा बढी नेपाली कोरियामा रोजगारीमा रहेको उल्लेख गर्दै नेपालीको परिश्रमबाट कोरियन सरकार प्रभावित रहेको बताउनुभएको थियो। उहाँले परराष्ट्रमन्त्री डा पौड्याललाई कोरियन लगानीकर्ता नेपालमा लगानी गर्न इच्छुक रहेको समेत अवगत गराउनुभएको थियो।

**पररष्ट्रमन्त्रीसँग कतारका राजदूत भेट**

आजै परराष्ट्रमन्त्री डा पौड्यालसँग नेपालका लागि कतारका राजदूत युसुफ बिन मोहम्मद अल हैल शिष्टाचार भेटवार्ता गर्नुभएको छ । भेटमा उहाँहरूबीच दुई देशबीचको आपसी हितका विविध पक्षमा छलफल भएको मन्त्रालयले जनाएको छ ।रासस

जनकपुर टुडे
२०७९ साल फाल्गुन २ गते मंगलबार (14 February, Tuesday, 2023)

# टर्की र सिरिया भूकम्पको एक हप्तापछि दुई जनाको चमत्कारिक उद्धार

एएफपी

कहरामनमारास । टर्की र सिरियामा भूकम्प गएको एक सातापछि भग्नावशेषभित्र पुरिएको अवस्थामा टर्कीमा थप दुई व्यक्तिलाई सकुशल उद्धार गर्न सफल भएका छन् । भूकम्पमा परी टर्की र सिरियामा गरी ३४ हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । उद्धार कार्य जारी रहेको छ भने भूकम्पका कारण मृत्यु हुनेको सङ्ख्या अझै हजारौं रहेको हुनसक्ने अनुमान गरिएको छ ।



गत सोमबारको विनाशकारी भूकम्पपछि भत्किएका भवनको भग्नावशेषमा करिब सात दिनसम्म फसेका एक बालक र ६२ वर्षीया महिलालाई चमत्कारिक रूपमा उद्धार गरिएको हो । सात वर्षीय मुस्तफालाई दक्षिणपूर्वी टर्कीको हताय प्रान्तबाट उद्धार गरिएको छ भने नाफिज यिल्माजलाई नुर्डागीबाट उद्धार गरिएको छ । दुवै जना १६३ घण्टासम्म भग्नावशेषमा फसेका थिए ।

टर्कीको विपद् व्यवस्थापन निकायका अनुसार टर्कीका ३२ हजारभन्दा बढी व्यक्ति खोजी तथा उद्धारकार्यमा जुटेका छन् भने आठ हजार २९४ जना अन्तर्राष्ट्रिय उद्धारकर्ताले पनि उद्धार गरिरहेका छन् ।बेलायती खोजी टोलीका एक सदस्यले आइतबार ट्वीटरमार्फत् पोस्ट गरेको भिडियोमा एक उद्धारकर्ताले भग्नावशेषबाट बनेको सुरुङबाट तल झरेर हातायमा भग्नाबशेषमा रहेका टर्कीका एक व्यक्तिलाई उद्धार गरिएको देखिन्छ ।

खोज टोलीहरू समय वित्दै जाँदा हराइरहेका थप व्यक्तिहरूको उद्धारमा खटिरहेका छन् । विशेषज्ञहरूले भग्नावशेषमा जीवित व्यक्तिहरू फेला पार्ने आशा प्रत्येक दिन धुमिल बन्दै गएको बताएका छन् । उद्धार टोलीहरूले सेन्सर र उन्नत खोजी उपकरणहरूको अभावमा काम गरिरहेको र यसले उद्धारमा ढिलाई भएको बताएका छन् ।

उद्धारकर्ताहरूले सावधानीपूर्वक बेल्चा तथा अन्य हाते उपकरण भग्नावशेषलाई खन्न र अवरोध हटाउन बाध्य भएको बताएका छन् । उत्तरपश्चिम सिरियाको जाबलेहका नागरिक सुरक्षा प्रमुख अला मौबाराकले भन्नुभयो, "यदि हामीसँग आधुनिक उपकरण भएको भए हामी सयौंको ज्यान बचाउनसक्थ्यौं ।"

# 'घरेलु मैदानको भरपुर सदुपयोग गर्छौं'

टुडे समाचारदाता

काठमाण्डु । आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नामिबिया, स्कटल्याण्ड र नेपालबीच मंगलबारबाट सुरु हुने त्रिकोणात्मक एकदिवसीय सिरिजमा सुखद् नतिजा निकाल्नका लागि नेपाली टोली तयार रहेको कप्तान रोहित पौडेलले बताएका छन्।



नेपाल क्रिकेट संघ (क्यान) ले प्रतियोगिता सुरु हुनुपूर्व सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा घरेलु टिम नेपालका कप्तान रोहितले नयाँ प्रशिक्षकको आगमनले खेलाडीको मनोबल उच्च भएको भन्दै सुखद् नतिजा निकाल्न नेपाली टोली तयार भएको बताए।

एक साताअघि मात्र औपचारिक रुपमा नियुक्त भएका प्रशिक्षक मोन्टी देशाईले नेपालका उमेर समूहका टोलीसँग काम गरिसकेकोले अहिलेको टोलीमा सहजै घुलमिल भएको कप्तान रोहितले बताए। घरेलु मैदानमा हुने सिरिज निकै महत्वपूर्ण रहेको भन्दै रोहितले घरेलु मैदानको भरपुर सदुपयोग गर्ने बताए । यस्तै नेपाली टोलीका प्रशिक्षक मोन्टी देशाईले छोटो समयको क्याम्प निकै फलदायी भएको र १० दिनको अवधिमा आफूले खेलाडीमा भएको क्षमतालाई निखार्न प्रयास गरेको बताए ।

सिरिज नेपालका लागि निकै महत्वपूर्ण र कठिन दुवै भएको बताउँदै सुखद् नतिजाका लागि खेल्ने प्रशिक्षकको भनाइ छ।

स्कटल्याण्ड टोलीका कप्तान रिची बेरिङटनले पनि लिग-२ तालिकामा आफ्नो टोली बलियो अवस्थामा रहे पनि घरेलु दर्शकको उत्साहजनक साथ पाउने नेपालसँग खेल्न सहज नहुने बताए।

नामिबियाका प्रशिक्षक मोर्ने मोर्कलले आफ्नो टोलीको लिगमा ६ खेल बाँकी रहेको र बाँकी सबै खेल निकै महत्वपूर्ण रहेको बताए। उनले आफ्नो टोली शीर्ष चारमा अटाइसेको र दोस्रो स्थानमा अटाउने लक्ष्यमा नामिबिया रहेको रहेको भन्दै नेपालको भ्रमण राम्रो बनाउने बताए।

सिरिज अन्तर्गत स्कटल्याण्डले विश्वकप लिग-२ अन्तिम चार खेल नेपालमा खेल्दैछ। स्कटल्याण्डले जुन र जुलाईमा जिम्बाबेमा आयोजना हुने विश्वकप छनोटमा आफ्नो स्थान सुरक्षित गरिसकेको छ भने नामिबिया दोस्रो स्थानमा अटाउने योजनाका साथ खेल्नेछ । लिगमा नेपाल २४ खेलमा १८ अंक जोडेर छैटौं स्थानमा रहेको छ। स्कटल्याण्ड ३२ खेलमा ४६ अंक जोडेर शीर्ष स्थानमा रहेको छ भने नामिबिया ३० खेल खेले ३७ अंकका साथ तालिकाको तेस्रो स्थानमा छ।

नेपाल, नामिबिया र स्कटल्याण्ड सम्मिलित सिरिज फागुन ९ गते सम्म हुनेछ। सिरिजको पहिलो खेलमा नेपालले नामिबियासँग फागुन २ मा खेल्नछ। यस्तै नेपालले दोस्रो खेलमा स्कटल्याण्डसँग फागुन ५ मा खेल्नेछ। नेपालले फागुन ६ मा नामिबियासँग दोस्रो खेल खेल्दा स्कटल्याण्डसँग फागुन ९ मा पुनः खेल्नेछ।

सिरिजका लागि नेपाली टीममा रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, सोमपाल कामी, करण केसी, ललित राजवंशी, सन्दीप लामिछाने, गुल्शन झा, भीम सार्की, सूर्य तामाङ रहेको छ।

# टर्की र सिरियामा ३५ हजारभन्दा बढी

सिन्ह्वा

इस्तानबुल । टर्की र सिरियामा गएको विनाशकारी भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ३५ हजारभन्दा बढी पुगेको छ । स्थानीय खोज तथा उद्धार टोलीले सोमबार दिएको जानकारी अनुसार गत सोमबार गएको ७.८ म्याग्निच्यूडको भूकम्पमा परी टर्कीमा ३१ हजार ६४३ र सिरियामा तीन हजार ५८१ जनाको मृत्यु भएको छ ।

अझै पनि दुबै देशमा उद्धार कार्य जारी रहेको अधिकारीहरुले बताएका छन् । भूकम्पपछि आएको हिम आँधीका कारण उद्धार कार्यमा कठिनाई हुँदा भूकम्पमा भग्नावशेषमा पुरिएका व्यक्तिलाई उद्धार गर्ने काममा कठिनाई भइरहेको उद्धारकर्मीले बताएका छन् ।

भूकम्पमा परेका हरूको उद्धारका लागि विभिन्न मुलुकहबाट आधुनिक उपकरणसहितका टोली टर्की र सिरियामा पुगेका छन् । उनीहरूले अझै पनि भग्नावशेषमा मानिसहरू जीवित रहेको हुनसक्ने भन्दै खोजीलाई तीब्र बनाइरहेका छन् ।

सिरियामा टर्की निकट मानिने सीमा क्षेत्रमा विदेशी उपकरण आयात तथा प्रयोगमा लगाइएको प्रतिबन्धका कारण यहाँ स्थानीय स्रोत र साधनको प्रयोग गरी उद्धार कार्य जारी राखिएको छ ।

# 'हजारौं शरणार्थीलाई अष्ट्रेलियाको आवासीय अनुमति दिइने'



सिन्ह्वा

क्यानबेरा। अस्ट्रेलियाले हजारौं शरणार्थीलाई आवासीय अनुमति दिनेभएको छ । अस्ट्रेलियाका अध्यागमनमन्त्री एन्ड्रयु जाइल्सले केही अस्थायी भिसा धारीका लागि स्थायी भिसाको लागि मार्ग प्रशस्तगर्ने आफ्नो चुनावी प्रतिबद्धता पूरा गर्न लागेको सोमबार घोषणा गर्नुभएको हो।

जाइल्सले लेबर सरकारको चुनावी प्रतिबद्धता पूरा गर्दै सन् २०१३ भन्दा अघि डुङ्गाबाट अस्ट्रेलिया आएका करिब १९ हजार शरणार्थीलाई दुई प्रकारका अस्थायी भिसामा स्थायी बसोबासका लागि निवेदन दिन अनुमति दिइने बताउनुभउको हो।

यो प्रावधानले शरणार्थीहरूलाई सामाजिक सुरक्षा, सार्वभौमिक स्वास्थ्य सेवा, राष्ट्रिय अशक्तता बीमा योजना, उच्च शिक्षा ऋणमा पहुँच प्रदान गर्दछ र नागरिकताको लागि मार्ग प्रशस्त गर्छ । यसले उनीहरूलाई अष्ट्रेलियामा तत्काल परिवार ल्याउन अनुमति दिन्छ। यस कदमको घोषणा गर्दै जाइल्सले काम गर्ने, कर तिर्ने, व्यवसाय सञ्चालन गर्ने र अष्ट्रेलियालीहरूलाई उनीहरूको भिसा स्थितिका कारण अलपत्र राख्नुको कुनै अर्थ नभएको बताउनुभयो।

"स्थायी भिसा नभएका कारण उनीहरूले घर किन्न, व्यवसाय गर्न वा थप शिक्षा हासिल गर्न ऋण पाउन सकेका छैनन्," उहाँले भन्नुभयो । "आर्थिक वा सामाजिक रूपमा उनीहरूलाई अलपत्र राख्नुको कुनै अर्थ छैन । शरण खोज्ने डुङ्गाहरूको आगमन रोक्ने उद्देश्यले सीमा सुरक्षा अभियान, (अप्रेसन सोभर्न बोर्डर्स) सुरु हुनुभन्दा पहिले अस्ट्रेलिया पुगेकाहरू मात्र बसोबासका लागि योग्य हुनेछन् ।

यसैबीच, गृहमन्त्री क्लेयर ओनिलले सरकार जारी अपरेशनका लागि प्रतिबद्ध रहेको र डुङ्गाबाट अष्ट्रेलिया आउने जो कोहीलाई पनि अस्ट्रेलियामा बस्न नदिइने बताउनुभयो । उहाँले भन्नुभयो, "म स्पष्ट पार्न चाहन्छु कि यदि तपाईं वैध भिसा बिना अष्ट्रेलिया प्रवेश गर्न खोज्नुहुन्छ भने, तपाईंलाई फिर्ता पठाइनेछ वा तपाईंको मुख्य बन्दरगाहमा फर्काइनेछ ।"

उहाँले भन्नुभयो, "अपरेसन सोभरेन बोर्डरअन्तर्गत अष्ट्रेलियामा बसोबास गर्ने सम्भावना शून्य छ । अष्ट्रेलियन डिफेन्स फोर्स र अस्ट्रेलियन बोर्डर फोर्सले हाम्रो जलक्षेत्रमा गस्ती गरिरहेका छन् र प्रवेश गर्न खोज्ने कुनै पनि डुङ्गालाई रोक्न र फिर्ता गर्न खोजिरहेका छन् ।"

# साउदी अरबले साउदी महिलालाई अन्तरिक्षमा पठाउने

सिन्ह्वा

रियाद । साउदी अरबले सन् २०२३ मा पहिलो साउदी महिला अन्तरिक्ष यात्रीलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा पठाउने योजनाको घोषणा गरेको छ ।

महिला अन्तरिक्षयात्री राययानाह बर्नावी र साउदी पुरुष अन्तरिक्षयात्री अली अल-कर्नीलाई एक्स-२ अन्तरिक्ष मिसनको चालक दलका सदस्यमध्ये अन्तरिक्षमा पठाइनेछ ।

उनीहरु अन्तरिक्षमा जाने पहिलो साउदी अन्तरिक्षयात्री पनि हुनेछन् ।

यस कदमको उद्देश्य मानव अन्तरिक्ष उडानमा राष्ट्रिय क्षमता वृद्धि गर्नुका साथै स्वास्थ्य, स्थिरता र अन्तरिक्ष प्रविधि जस्ता क्षेत्रमा वैज्ञानिक अनुसन्धानमा योगदान पुऱ्याउनु हो ।

यो कदम साउदी मानव अन्तरिक्ष उडान कार्यक्रमको एक भागको रूपमा हो । यस कार्यक्रममा थप दुई पुरुष र महिला अन्तरिक्ष यात्रीहरूलाई सबै मिशन आवश्यकताहरूमा प्रशिक्षण दिनु पनि समावेश छ ।

# उत्तरी नाइजेरियामा बन्दुकधारीको आक्रमणमा पाँच प्रहरीको हत्या



सिन्ह्वा

लगोस । नाइजेरियाको उत्तरी नाइजर राज्यमा नागरिकमाथि आक्रमणको प्रयास गर्दा सुरक्षाकर्मीहरूले जवाफी कारबाही गर्दा पाँच प्रहरीको मृत्यु भएको छ ।

नाइजरका प्रहरी प्रवक्ता वासिउ अबियोदुनले शनिबार प्रहरी र सेनाको संयुक्त टोलीले उक्त राज्यको गुरारा स्थानीय सरकारी क्षेत्रको एउटा गाउँ नजिकै बन्दुकधारीहरूले स्थानीयहरुलाई आक्रमण गर्ने प्रयास गरेको थाहा पाएपछि सो प्रत्याक्रमण गरिएको हो ।

प्रहरीका अनुसार सो आक्रमणमा केही बन्दुकधारी मारिएका छन् भने केही गोली लागेर भागेका छन् ।

# साङ्घाईका पूर्व प्रमुख 'प्रोक्युरेटरेट' माथि घूस लिएको अभियोग

सिन्ह्वा

बेइजिङ । 'साङ्घाई पिपुल्स प्रोक्युरेटरेट'का पूर्व प्रमुख झाङ बेनकाईलाई घूस लिएको आरोपमा अभियोग लगाइएको छ ।

सुप्रिम पिपुल्स प्रोक्युरेटरेट (एसपीपी) का अनुसार झाङले आफूले सम्हालेका विभिन्न पदको फाइदा उठाएर पर्याप्त रकम र बहुमूल्य सामानहरू लिनुभएको अभियोगमा उल्लेख छ ।


झाङको मुद्दामा अनुसन्धान पछि, यसलाई एसपीपीको समीक्षा र अभियोजनको लागि फुजियान प्रान्तको जियामेन शहर प्रोक्युरेटरेटलाई हस्तान्तरण गरिएको थियो ।

एसपीपीले जारी गरेको विज्ञप्तिमा अभियोजकहरूले प्रतिवादीलाई आफ्नो मुद्दाको अधिकारको बारेमा जानकारी दिएको, सोधपुछ गरेको र वकिलहरूको राय सुनेको उल्लेख गरिएको छ ।

# आँधीका कारण न्युजिल्यान्डमा विद्युत्, उडान र यातायात सेवा अवरूद्ध

एएफपी

वेलिङ्गटन । न्युजिल्यान्डको उत्तरी भागमा आएको उष्णकटिबन्धीय आँधीका कारण सोमबार हजारौं घरहरु विद्युतविहीन हुनुका साथै उडानहरु अवरुद्ध भएका छन् ।आपतकालीन व्यवस्थापन मन्त्री किरन म्याकएनल्टीले तीव्र हावा र भारी वर्षाको 'अत्यधिक खतरनाक' संयोजनको कारण देशले व्यापक क्षति व्यहोर्नुपरेको छ ।



आँधीको अवस्था शुरूमाभन्दा कमजोर भएपनि यसले शहर तथा ग्रामिण क्षेत्रमा व्यापक रूखहरु ढालेको छ, सडकहरुमा क्षति पुऱ्याएको छ र विद्युत लाइन अवरूद्ध भएका छन् । अकल्याण्डसहित उत्तरी पाँच क्षेत्रमा आपतकालीन अवस्था घोषणा गरिएको छ ।न्युजिल्यान्डको नर्थ आइल्याण्डमा करिब ५८ हजार मानिस विद्युत्‌विहीन भएका छन् । अधिकारीहरूले यो सञ्जाल पुनःस्थापित गर्न केही दिन लाग्न सक्ने बताएका छन् ।

म्याकएनल्टीले भन्नुभयो, "जबसम्म मौसम खराब रहन्छ, तबसम्म नेटवर्कमा काम गर्न वास्तवमा असुरक्षित छ । न्युजिल्यान्डको सबैभन्दा ठूलो सहरमा गत महिना आएको बाढीका कारण चार जनाको मृत्यु हुनुका साथै हजारौं मानिस विस्थापित बनेका थिए । उक्त क्षतिको घाउ नमेटिँदै यो अर्को प्राकृतिक विपत्ति आएको छ ।

नर्थल्याण्ड क्षेत्रमा १४० किलोमिटर प्रतिघण्टाको रफ्तारमा आएको हावाहुरीले क्षति पुऱ्याएको थियो भने अकल्याण्ड हार्बर ब्रिजमा ११० किलोमिटर प्रतिघण्टाको वेगले आँधीले प्रवेश गरेको थियो । म्याकएनल्टीले भन्नुभयो, "सरकारले देशको इतिहासमा तेस्रो पटक राष्ट्रिय आपतकालीन अवस्था घोषणा गर्ने बताइरहेको छ । मेरो विचारमा आपतकालीन अवस्थाको घोषणा गरिहाल्नु पर्दैन । किनकि आँधीको रफ्तार कमजोर भइसकेको छ ।"

मौसमले न्युजिल्यान्डको यातायात सञ्जाललाई पनि तहसनहस पारेको छ, उडान, रेल र बस तालिकाहरू सबै नराम्ररी प्रभावित भएका छन् । एयर न्युजिल्यान्डले हालसम्म ५०९ उडान रद्द गरेको तर मङ्गलबारदेखि सामान्य उडान सुरु हुने अपेक्षा गरिएको जनाएको छ ।

उक्त विमान सेवालेले १० हजारभन्दा अन्तर्राष्ट्रिय सेवाग्राहीहरू प्रभावित भएको र छ हजार ५०० लाई पुनः टिकट बुक गर्नु परेको बताएको छ ।

# हमास समूहको गाजास्थित भवनमा इजरायली हवाई आक्रमण

एएफपी

गाजा सिटी । प्यालेस्टिनी इलाकाबाट सप्ताह अन्तमा प्रहार गरिएको रकेटको जवाफमा सोमबार गाजामा हवाई आक्रमण गरेको इजरायलली सेनाले जनाएको छ । प्यालेस्टाइनी रेड क्रिसेन्टले उत्तरी पश्चिमी किनाराको नाब्लुसमा इजरायली सेनाको आक्रमणमा परी एक व्यक्तिको मृत्यु भएको जनाएको छ ।



सेनाले नाब्लुसको आक्रमणबारे तत्काल थप टिप्पणी गरेको छैन । तर गाजामा उसले 'हमास आतङ्कवादी सङ्गठनसँग सम्बन्धित रकेट निर्माणमा प्रयोग हुने कच्चा पदार्थ भएको भूमिगत भवनमा आक्रमण गरेको' बताएको छ ।गाजाबाट इजरायलतर्फ शनिबार गरिएको रकेट प्रक्षेपणको प्रतिक्रियास्वरूप उक्त आक्रमण गरिएको सेनाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

इजरायली आक्रमणपछि गाजाको सीमा नजिकका समुदायमा हवाई आक्रमणको साइरन बज्न थालेको सेनाले जनाएको छ ।पछिल्लो चरणको क्षेप्यास्त्र आक्रमणपछि गाजा र इजरायलमा कुनै हताहत भएको खबर प्राप्त भएको छैन । तर इजरायल-प्यालेस्टिनी द्वन्द्वले हिंसामा नाटकीय वृद्धि भोगिरहेको छ ।

सन् २०१९ को सुरुदेखि अहिलेसम्म नाब्लुसमा भएको पछिल्लो घटनापछि भएको द्वन्द्वमा बालबालिकाकासहित ४७ जना प्यालेस्टिनीको ज्यान गइसकेको छ ।सोही अवधिमा तीन बालबालिकासहित नौ इजरायली र एक युक्रेनी नागरिकको मृत्यु भएको छ ।इजरायलको सुरक्षा क्याबिनेटले पूर्वी जेरुसेलममा प्यालेस्टाइनले गरेको घातक आक्रमणको प्रतिक्रियास्वरुप पश्चिम किनाराका नौ यहूदी बस्तीलाई वैधानिकता दिने घोषणा गरेको छ ।

सुरक्षा क्याबिनेटले जारी गरेको वक्तव्यमा भनिएको छ, "नयाँ अधिकार प्राप्त समुदायहरूमध्ये धेरै वर्षौंदेखि अस्तित्वमा थिए र अन्य दशकौंदेखि अस्तित्वमा थिए, तर इजरायल सरकारले पहिले उनीहरूलाई वैधको रूपमा मान्यता दिएको थिएन ।" इजरायलले सन् १९६७ को छ दिने युद्धदेखि नै पश्चिम किनाराकब्जा गर्दै आएको छ ।करिब चार लाख ७५ हजार यहूदीहरू अहिले प्यालेस्टिनी इलाकामा बसोबास गर्छन्, जुन समुदायहरूको बसोबासलाई अन्तर्राष्ट्रिय कानूनले अवैध मान्दै आएको छ ।

त्यसमध्ये अधिकांश जनसङ्ख्या इजरायलले एकतर्फी रूपमा अनुमति दिएका बस्तीहरूमा छन्, तर कतिपय सरकारी अनुमति नपाएका समुदायमा पनि बस्छन् । सुरक्षा क्याबिनेटले वेस्ट बैंकमा नयाँ चरणको आवास निर्माणको घोषणा गर्न चाहेको पनि बताएको छ, जुन कदमले व्यापक अन्तर्राष्ट्रिय निन्दा आकर्षित गर्ने सम्भावना छ । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत महिना यस क्षेत्रको भ्रमणका क्रममा बस्ती विस्तार नगर्न सुझाब दिनुभएको थियो ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कट्टरपन्थी सरकारले इजरायलको कब्जामा रहेको पूर्वी जेरुसेलममा सुरक्षा व्यवस्था कडा बनाउने घोषणा गरेको छ ।रासस

# आर्थिक राहतको व्यवस्था गर्न माग



काठमाण्डु । साना तथा मझौला व्यवसायीले कोरोना महामारीबाट पीडामा परेका व्यवसायीलाई आर्थिक राहतको व्यवस्था गर्न माग गरेका छन् ।

उद्योगी तथा व्यवसायीको छाता सङ्गठनले आइतबार यहाँ संयुक्त पत्रकार सम्मेलन गरी कोरोना महामारीबाट समस्यामा परेका व्यवसायीलाई आर्थिक राहतको व्यवस्था गर्न माग गरेका हुन् । सो अवसरमा व्यवसायी नरेश कटुवालले मुलुकको अर्थतन्त्र जोगाउनका लागि देशभरबाट नयाँ आन्दोलनको जमर्को सुरु भएको बताउनुभयो । उहाँले मुलुकको अर्थतन्त्र साना उद्योगी तथा व्यवसायीले जोगाएको जनाउँदै साना उद्योगीलाई सरकारले सहयोग गर्नुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष कुमार कार्कीले भूकम्प, कोरोना महामारीलगायतका प्राकृतिक विपत्तिका कारण देशको अर्थतन्त्र धरासायी बनेको बेला त्यसको प्रत्यक्ष मारमा साना तथा मझौला व्यवसायी परेको बताउनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाको गलत नीतिका कारण व्यवसायीले आत्महत्याको बाटो अवलम्बन गर्ने अवस्था आएको उल्लेख गर्नुभयो ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष पुन्यप्रसाद (सरोज) सिटौलाले पछिल्लो अवस्थामा बैंक फाइदामा र लगानीकर्ता घाटामा गएको बताउनुभयो । सबैको पेसा व्यवसाय बामे सरेको अवस्थामा बैंक तथा वित्तीय संस्थाको मारमा व्यवसायी परेको उहाँको भनाइ थियो ।

नेपाल कपडा तथा सिलाइ व्यवसायी महासङ्घका अध्यक्ष रामकृष्ण श्रेष्ठले सरकारले अहिले हरेक क्षेत्रका व्यवसायीमाथि परेको पीडालाई बुझ्नुपर्ने बताउनुभयो । साना तथा मझौला व्यवसायी कोरोना महामारीको मारबाट माथि उठ्न नसकिरहेको बेलामा बैंक तथा वित्तीय संस्थाले एकतर्फीरुपमा व्याजदर बढाएको उहाँको भनाइ थियो ।

ग्रील तथा स्टिल व्यवसायी महासङ्घ नेपालका अध्यक्ष मोहन कटुवाल, नेपाल निर्माण व्यवसायी महासङ्घ काठमाडौंका अध्यक्ष अच्युतम कटुवाललगायतले बैंक तथा वित्तीय संस्थाको चर्को व्याजदरका कारण कयौं उद्योग बन्द हुने अवस्थामा पुगेको जनाउँदै त्यस्ता उद्योगलाई बचाउनका लागि सरकारले विशेष नीति अगाडि सार्नुपर्ने बताउनुभएको थियो ।रासस

# तीन करोड लगानीको कम्पोष्ट प्लान्ट उपयोगविहीन

खोटाङ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले करिब रु तीन करोड लागतमा निर्माण गरेको 'दिक्तेल कम्पोष्ट प्लान्ट तथा नमूना कृषि स्रोत केन्द्र' उपयोगविहीन भएको छ ।

कम्पोष्ट प्लान्टबाट उत्पादित प्राङ्गारिक मलको उत्पादकत्वप्रति किसानको विश्वास नहुँदा र बजार मूल्य पनि बढी भएका कारण केन्द्र उपयोगविहीन भएको हो ।

नगरप्रमुख दीपनारायण रिजालको कार्यकालमा प्रदेश सरकार, १ नं प्रदेशका तत्कालीन मुख्यमन्त्री शेरधन राईले विसं २०७७ चैत २१ गते केन्द्रको शुभारम्भ गर्नुभएको थियो । केन्द्रबाट हालसम्म प्रतिवटा १५ केजीको चार सय ३५ बोरा मल मात्र उत्पादन गरिएको छ । जबकी, कम्पोष्ट प्लान्टबाट प्रतिघण्टा एक हजार केजी प्राङ्गारिक मल उत्पादन गर्ने लक्ष्य राखिएको थियो ।

अर्थमन्त्रालयको विशेष अनुदान एवं प्रदेश सरकारको रु दुई करोड ७० लाख लागतमा निर्माण गरिएको प्लान्टबाट उत्पादित प्राङ्गारिक मलको मूल्य प्रतिबोरा रु पाँच सय निर्धारण गरिएको छ । हालसम्म उत्पादन भएका मलमध्ये करिब ४० बोरा मात्र बिक्री भएको जनाइएको छ ।

स्थापनाकालमा उत्पादित एक सय ५० बोरा प्राङ्गारिक मल नगरपालिकाको दिक्तेलस्थित सपिङ कम्प्लेक्समै थन्काइएको छ। पन्ध्र वडा रहेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकालाई अर्गानिक नगर बनाउने अभियान अनुसार उत्पादन गरिएका अन्य मल अनुदानमा किसानलाई वितरण गरिएको जनाइएको छ ।

कम्पोष्ट प्लान्टबाट उत्पादित मल गोठको भन्दा कैयौं गुणा मलिलो भए पनि महत्व बुझाउन नसक्दा किसानले बेवास्ता गरेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्माका अगुवा कृषक गङ्गाबहादुर विश्वकर्माले बताउनुभयो । "कम्पोष्ट प्लान्टको प्राङ्गारिक मल उपयोगी छ । मैले प्रयोग गरेर हेरेको छु । गोठको गोबरभन्दा कैयौं गुणा राम्रो छ", उहाँले भन्नुभयो, "तर, यसको महत्वबारे किसानलाई बुझाउन सकिएको छैन । नगरका सबै किसानले प्रयोग गर्ने हो भने मलको माग धान्न गाह्रो हुने अवस्था आउँथ्यो ।"

उद्घाटन अघि र केही समयपछिसम्म सामान्य मात्रामा प्राङ्गारिक मल उत्पादन हुँदै आएको प्लान्टमा करिब दुई वर्षदेखि उत्पादन ठप्प छ । नगरपालिकाले उचित व्यवस्थापन गर्न नसक्दा कम्पोष्ट तथा बायोग्यास प्लान्टबाट नियमित प्राङ्गारिक मल उत्पादन नभएको स्थानीय बासिन्दाको आरोप छ ।

कम्पोष्ट प्लान्टबाट उत्पादित प्राङ्गारिक मललाई किसानले आफ्नो गोठको मलसरह ठानेकाले नियमित उत्पादन गर्न नसकिएको नगरपालिकाका कृषि शाखाका कृषि प्रसार अधिकृत तेजप्रकाश जैसीले बताउनुभयो । "उद्घाटनलगत्तै एकलट मल उत्पादन भयो । परीक्षण गर्दा मलको क्वालिटी राम्रो छ तर, बजार मूल्य बढी भयो भनेर किसानले रुचाएका छैनन् । नियमित खपत नभएपछि धेरै मल उत्पादन नगरिएको हो", उहाँले भन्नुभयो, "अब निजी संस्था वा साँझेदारी संस्थामार्फत सञ्चालन गर्ने गरी कार्यविधि तयार पारेका छौं । मूल्यका विषयमा पनि पुनः विचार हुन्छ ।"

संघीय सरकारको विशेष अनुदानस्वरुप प्राप्त भएको रु तीन करोड ३२ लाखमध्ये कम्पोष्ट प्लान्ट र बायोग्यास प्लान्ट निर्माणमा रु एक करोड ८५ लाख खर्च भएको नगरपालिकाका सूचना अधिकारी मोहन भट्टराईले जानकारी दिनुभएको छ । अन्य रकम दुई वटा ट्र्याक्टर खरिद, दिक्तेलबजारमा 'डस्बिन' राख्न तथा वडा नं ५ लफ्याङस्थित डम्पिङसाईट पुग्ने सडक मर्मतमा खर्च गरिएको जनाइएको छ ।रासस

# व्यावसायिक कृषिमा युवाको आकर्षण

ढोरपाटन । "विद्यादय नजिक छ, दिउँसभरि पढाए पनि बिहान बेलुका खालीनै भइन्छ, खाली समयमा किन यतिकै बस्ने भनेर तरकारी खेती सुरु गरेको हुँ, सुरुमा सानो लगानीबाट सुरुआत गरेको अहिलेसम्म आउँदा रु सात लाख बढी लगानी गरेको छु, ।" शिक्षक गोपीकृष्ण क्षेत्रीले भन्नुभयो ।

निसीखोला गाउँपालिका-४ झिम्पामा पुग्दा गाउँकै बीचमा दुई/तीन प्लास्टिक टनेल देखिन्छ । टनेलभित्र लटरम्म फलेका गोलभेँडा, कलकलाउँदा सागसब्जी र टिपेर खाउँखाउँ लाग्ने फलफूल पनि । हरेक दिन बिहान र बेलुका यही भेटिनुहुन्छ, उहाँ । यहाँ पुगेर देख्दा धेरैलाई लाग्न सक्छ, यो त अनुभवी कृषकको करेसाबारी हो तर, उहाँ आफूलाई कृषिबारे धेरै ज्ञान नभएको बताउनुहुन्छ। यद्यपि उहाँको पौरख देख्दा अनुभवी कृषकको भन्दा कम देखिँदैन ।

क्षेत्री कृषकभन्दा बढी 'मास्टर' भनेर परिचित हुनुहुन्छ । उहाँको मुख्य पेसा शिक्षण हो । विसं २०६८ देखि शिक्षण पेसामा आबद्ध हुनुभएका उहाँले व्यावसायिक कृषि पेसालाई पनि आत्मसात् गरिरहनुभएको छ । दिनभर विद्यालयमा शिक्षण गर्ने क्षेत्री बिहान-बेलुका आफ्नो कृषि फर्ममा खटेर काम गर्नुहुन्छ। उहाँको त्यो खटाइ र कृषि उत्पादन देख्दा छरछिमेकी पनि दङ्ग पर्छन् । कृषि कर्ममा क्षेत्रीलाई परिवारको पनि राम्रो साथ सहयोग छ। यसले गर्दा अझ बढी उहाँ हौसिनुभएको छ ।

उहाँले शिक्षणसँगै कृषिलाई बढावा दिने हिसाबले २०७४ सालदेखि 'झिम्पा फलफूल तथा तरकारी कृषि फर्म' दर्ता गर्नुभएको छ । आठ वर्षदेखि शिक्षण पेसालाई अँगाल्दै आए पनि तीन वर्ष अगाडि मात्रै प्रावि तहको स्थायी शिक्षक बन्नुभएको थियो। हाल उहाँ जनजीवराज सुशीला माध्यमिक विद्यालय झिम्पामा शिक्षण गरी रहनुभएको छ। विशेष गरी फलफूल र तरकारी उत्पादनलाई जोड दिनुभएका क्षत्रीले आम्दानी पनि राम्रो हुँदै गएको बताउनुहुन्छ।

"त्यसरी धेरै आम्दानी त गर्न सकिएको छैन, सुरु गरेको पनि धेरै भएको छैन, जे होस् लगानीअनुसारको आम्दानी हुन थालेको छ", उहाँले भन्नुभयो, "लगानी बढाउँदै छु, आम्दानी पनि विस्तारै बढ्ने अपेक्षा छ ।" क्षेत्रीको बारीमा अहिले रहर लाग्दा तरकारी र फलफूल देख्न सकिन्छ। उहाँले हाइटेक टनेल निर्माण गरेर तरकारी र फलफूलाई फलाउन र उब्जाउन सुरु गर्नुभएको छ।

तरकारी र फलफूल बेचेर वार्षिक करिब रु तीनदेखि पाँच लाख आम्दानी गरेको उहाँको भनाइ छ। बजारको समस्या नहुँदा मर्कामा नपरेको उहाँको भनाइ छ। उत्पादित तरकारी र फलफूल झिम्पा गाउँलगायत कानाबजार, झिवाखोला बजार, निसी, भल्कोट, बुर्तिबाङ लगायतका स्थानमा खपत हुने गरेको छ। उत्पादनलाई बिदाको समयमा बजार पुऱ्याउने गरेको सुनाउनुहन्छ। ग्राहक बारीमै पनि तरकारी खरिद गर्न आउने क्षेत्रीले बताउनुभयो।

निसीखोला -५ कारीगाउँका धर्मराज पोखरेले करिब २४ वर्ष विदेशमा सङ्घर्ष गर्नु । विदेशमा हण्डर खाएपछि उहाँ एक दशकदेखि गाउँमै व्यावसायिक कृषिमा लाग्नुभएको छ । पोखरेलका घर वरपरका बारी विभिन्न जातका फलफूलले ढाकिएका छन् । पछिल्लो समय पोखरेलले अमिलो जातका फलफूल उत्पादनमा जोड दिनु भएको छ।

उहाँले १५ रोपनी बारीमा कागती खती गर्नुभएको छ। कागतीसँगै सुन्तला, हलुवाबेद, टिमुरलगायतका फलफूल उनका बारीमा छन् । अघिल्लो वर्ष एक लाखको कागती बिक्री गर्नुभएका पोखरेलले यस वर्ष दुई लाख बढी आम्दानी गर्नुभएको छ । उहाँले फलफूलसँगै कुखुरा, टिमुर र चुक (कागतीको पकाएको रस) समेत बिक्री गर्दै आएको बताउनुभयो ।

कागतीसँगै यस वर्ष सुन्तला पनि राम्रो उत्पादन भएको उहाँको भनाइ छ। फल दिने सुन्तलाका बोट कम भएको हुँदा एक लाखसम्मको बिक्री गर्नसक्ने पोखरेलको भनाइ छ । गत वर्षको तुलनामा यस वर्ष कागती, सुन्तलासँगै टिमुर पनि बढी उत्पादन भएको भन्दै रु ५० हजार बराबरको टिमुर बिक्री गर्ने उहाँले बताउनुभयो। कागतीले राम्रो उत्पादन दिन थालेपछि पोखरेलाई बजारको समस्या हुने देखिन्छ । पोखरेलले फलफूल, तरकारी तथा खाद्यान्न बेचेर वार्षिक करिब रु १० लाख बढी आम्दानी गर्ने बताउनुभयो ।

लिलाबहादुर घर्तीले पनि वर्षौं विदेशमा सङ्घर्ष गरेर अहिले व्यावसायिक कृषि गरी राख्नुभएको छ । घर्तीले निसीखोला-४ थापागाउँमा सात वर्ष पहिले सुरुको फलफूल खेतीले अहिले राम्रो उत्पादन दिन थालेको। कतार र भारतमा एक दशक बिताउनुभएका घर्तीले स्वदेशमै उद्यमी बन्ने योजना बनाएर फर्किएको बताउनुहुन्छ।

"अरुको देशमा धेरै दुःख सङ्घर्ष गरियो, त्यहाँ गर्ने मेहनत आफ्नै बारीमा, आफ्नै गाउँठाउँमा गरेपछि राम्रो कमाइ गर्न सकिन्छ भन्ने सोचले फर्किए, गाउँ आएर बाँझो जग्गामा फलफूल खेती सुरु गरे, अहिले विस्तारै प्रतिफल दिन थालेको छ", घर्तीले भन्नुभयो । उहाँले विदेशबाट फर्किएपछि सुरुमा परीक्षणका लागि १० वटा किवीको बिरुवा लगाएको भन्दै परीक्षण सफल भएपछि यसको खेती विस्तार गरेको बताउनुहुन्छ। उहाँले अहिले १५ रोपनीभन्दा बढी क्षेत्रफलमा किवी तथा टिमुर खेती विस्तार गर्नुभएको छ। आगामी वर्ष थप ६५ रोपनी क्षेत्रफलमा किवी रोप्ने योजना बनाएको बताउनुहुन्छ ।रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे श्री कृषि विकास बैंक लि.शाखा कार्यालय, गौरको २१ दिने सूचना

यस बैंकबाट तपशिल बमोजिमका व्यक्तिहरुले निम्न उद्धेश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेदा गर्दा पनि आलटाल गरि बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सूचना प्रकाशित गरिको छ। उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएकमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, कृषि विकास बै.क लि.को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुर उपरगरिने व्होरा समेत जानकारी गराउँदछौ। साँथै तपशिल बमोजिका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिने मन्जुरीनामा दिनेहरुलाई समेत यसै सूचना द्धारा जानकारि गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम: श्री कृषि विकास बैंक लि. शाखा कार्यालय गौर**

| क्र. सं. | ग्राहक नं. | ऋणीको नाम | ठेगाना | बाब'/पतीको नाम | बाजे/सस'राको नाम | मिसिल नं. | उदेश्य | भाका ना. सावां | भाका. ना. ब्याज मिति २०७९।१०।०१ सम्मको |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १३६१९६१ | गौतम ऋषि कन्स्ट्रक्शन प्रो.ब्रहम नारायण यादब | कटहरीया ५ | जिम्दार राय यादब | जंगली राय यादब | ० | जमानत दाबी कर्जा | ६४१५८०० | ५७४१९१ |
| २ | ९२०४८६ | सोनाक्षी ट्रेर्डस प्रो मुकुन्द कुमार साह | भालोहिया ०४ | ब्रहम नारायण साह | अनुठा साह | ११५७५ | व्यापार कर्जा | ३४८२६१३ | २००७२७ |
| ३ | ९२०२३२ | सरस्वती कन्स्ट्रक्शन प्रो उपेन्द्र यादव | पिपरीया दोस्तीया ०६ | सुखलाल राय यादव | मोहिलाल यादव | १०७६६ | हायरपर्चेज कर्जा | २१३९५०० | २७६०२५ |
| ४ | १३१५०६८ | दास मत्स्य फार्म प्रो. नरेश दाश | बौधिमाई ०६ ईनर्वा | बद्रि दाश तत्मा | बिउदाश तत्मा | ११७५१ | सह'लियत कर्जा | २८००००० | १८८८०७ |
| ५ | १७४०३७७ | हासमी जनरल सप्लार्यस प्रो अनवर हास्मी | गार ०५ | मो. अमन मिया | मोस बली मिया | ० | जमानत दाबी कर्जा | २५२२५०० | १२५५४२ |
| ६ | १३१३३७८ | अनुराग मत्स्य फार्म प्रो श्याम बालक प्रसाद पटेल | बसन्तपटी १ | रुपलाल राउत कुर्मी | परमेश्वर राउत कुर्मी | ११७४९ | कृषि कर्जा | १९००००० | ६३८९२ |
| ७ | १२६९२३८ | हांसिका चिउरा मिल प्रो दिलिप प्रसाद जयसवाल | बसन्तपटी ०९ परौहा | लालबाबु प्रसाद कलवार | हरी साह कलवार | ११७०० | ब्यापार कर्जा | १९००००० | ११५००० |
| ८ | १३१४३१० | राज कम्प्युटर एण्ड ट्रेर्डस प्रो तेजीलाल साह | गौर ०५ | हिम्मत साह | अनुप साह | ११५८८ | ब्यापार कर्जा | १४९९९४२ | ४५४५५ |
| ९ | १६०६३४६ | विश्वकर्मा ईन्टरप्राइजेज प्रो. सिताराम साह | जेठरहीया ०९, यमुनामाई | रुपनारायण साह | नथनी साह | ९९०९ | ब्यापार कर्जा | १४९२३५४ | १४१३९ |
| १० | १७६०७५६ | बिसमिल्लाहा ट्रेर्डस प्रों शेख खुर्सेद | बैरिया ०२ | शेख इस्लाम | शेख हामिद | ९३०४ | ब्यापार कर्जा | १०००००० | ४२८३७ |
| ११ | १७१९२७४ | साजन कस्मेटिक कर्नर प्रो. सलेन्दर प्रसाद पटेल | सारमुजवा ०७ | खेदु राउत कुर्मी | भोला राउत कुर्मी | ११८७० | ब्यापार कर्जा | १०००००० | ५८४११ |
| १२ | ९१९८४४ | सुमित्रा देवी | डुमरीया ०६ | प्रेम हजारी | ० | १०९३२ | घरायसी कर्जा | १०००००० | ९३३७२ |
| १३ | १५५१५४९ | आर्दश ब्रर्दश अन्सारी टेन्ट हाउस प्रो.मो. असिन अन्सारी | इनरवारी ०४ | नुर मोहमद अन्सारी | | ११८२८ | ब्यापार कर्जा | ९५०००० | ८४७६८ |
| १४ | ९१९०४१ | राम बहादुर साह | गौर ११ | हरिन्दर साह | भगलु साह | १०४३३ | घरायसी कर्जा | ९५०००० | ३१००० |
| १५ | १७२९८२३ | धर्मेन्द्र प्रसाद पटेल | ईनर्वा ०४ | लालबाबु राउत कुर्मी | लक्ष्मी नारायण प्र. कुर्मी | ११९०५ | घरायसी कर्जा | ९००००० | २४००० |
| १६ | १६०५७०७ | हनुमान गाई भैसी फार्म प्रो.शिवकलीया देवी | पिपरीया पर्रोहा ०७ बौधिमाई | हृदयनारायण राय यादव | | ११५५८ | ब्यापार कर्जा | ९००००० | ४०००० |
| १७ | १५५५४३२ | आशिष किराना पसल प्रो.सुदामी देवी मुखिया | यमुनामाई ०३ | उमाकान्त मुखिया | | ११८६७ | जमानत दाबी कर्जा | ९००००० | ६७००० |
| १८ | १३१५५२१ | मदिना किराना पसल प्रो. जलिल देवान फकिर | डुमरीया पर्रोहा ०४ | सहादत देवान | फजन साई फकिर | ११४७३ | ब्यापार कर्जा | ८००००० | ४३००० |
| १९ | ९१८९१६ | जय चन्द्र प्रसाद पटेल | ईनरवारी ०१ | राम खिलावन राउत | सटहु राउत | १०२२१ | घरायसी कर्जा | ८००००० | ६९००० |
| २० | ९२०५७७ | अशोक कुमार | भालोहिया ०४ | ब्रहम नारायण साह | अनुठा साह | ७६३२ | घरायसी कर्जा | ७७०००० | १३९००० |
| २१ | १२२२१०६ | कौशल पोल्ट्री फार्म प्रो. उपेन्द्र राय यादव | ईनरवारी ०१ | भिखारी राय यादव | पलधारी गीय यादव | ११६७५ | ब्यापार कर्जा | ७००००० | ४०००० |
| २२ | ९१८५०४ | रुपलाल प्रसाद | राज फरहदवा ०२ | अन्चित साह कलवार | केश्वर साह कलवार | ६९२१ | घरायसी कर्जा | ७००००० | ४१००० |
| २३ | १६०६३८४ | तिलक साह | कटरवान ०६ राजदेवी ०६ | लक्ष्मण साह | लखन साह | ११८६० | घरायसी कर्जा | ६००००० | २९१८२ |
| २४ | १५५५७२७ | दुर्गा मत्स्य फार्म प्रो. उमेश सहनी | अकोलवा ०५ | शिवनारायण सहनी | | ११८०२ | | ६००००० | १६८३२ |
| २५ | ९१९८६४ | बिजाधर राय यादव | माधोपुर ०४ | दरबल राय यादव | काशी राउत | १०९४३ | घरायसी कर्जा | ६००००० | २९००० |
| २६ | १७९३५४१ | राम प्रित राउत कुर्मी | इनरवारी ०६ | फगुनी राउत | टाले राउत | ११९२३ | घरायसी कर्जा | ५००००० | २२००० |
| २७ | १२७६२३७ | शिव शंकर सिंह | ब्रहमपुरी ०१ | रामसोगारत सिंह | जनक धारी सिंह | १०६६४ | घरायसी कर्जा | ५००००० | ३३३३१ |
| २८ | ९२०१९९ | एपेक्स कन्स्ट्रक्शन सप्लार्यस प्रो. दिलिप क'मार यादव | पिपरा राजबारा ०१ | नन्दलाल प्रसाद यादव | हवलदार भगत यादव | ११३०२ | ओभरड्राफ्ट | ५००००० | २५००० |
| २९ | ९१९३३३ | दिनेस प्रसाद | गौर ०२ | राम चन्द्र प्रसाद जयसवाल | सुमित राय चौधरी | १०५४७ | घरायसी कर्जा | ५००००० | २९५९१ |
| ३१ | ९१९४८९ | विरेन्द्र यादव | सखुहवा ०६ | रामअयोध्या यादव | भिखारी राय यादव | १०६८० | घरायसी कर्जा | ४००००० | २०१७७ |
| ३२ | १२९३१५० | रामप्यारी राउत कुर्मी | ओरैया ०९ | माहाविर राउत कुर्मी | द्रहम राउत कुर्मी | १०११२ | घरायसी कर्जा | ३९११२८ | ४६१५ |
| ३३ | ९१९३६३ | श्याम किशोर सिंह | गौर ०९ | रामबहादुर सिंह | हरदार सिंह | १०५६३ | घरायसी कर्जा | ३५०००० | ८३४०३ |
| ३४ | ९२०३७६ | श्याम लाल साह | गौर ०६ | मन्दर साह | प्रवल साह | ११४६९ | घरायसी कर्जा | ३४८९९९ | २०३४४ |
| ३५ | ९२०५५१ | मन्जु देवी | सरमुजवा ०७ | लालबाबु ठाकुर | राम औतार ठाकुर | ११६१३ | घरायसी कर्जा | ३००००० | २४२५५ |
| ३६ | ९२०२४६ | गिता देवी | पचरुखी ०९ | विनोद महतो | माझी महतो | ११३४९ | घरायसी कर्जा | ३००००० | २५३४८ |
| ३७ | ९१८५२८ | गिता झा | पाचरुखी ०२ | नविन कुमार झा | नित्यानन्द चौधरी | १०२७८ | घरायसी कर्जा | ३००००० | १८४०८ |
| ३८ | ९२०४२९ | मो.अहमिदुल हसन आजात | रामपुरखाप ०१ | शेख लयाकत | शेख इशामुदीन | ११५०० | घरायसी कर्जा | २९८८७१ | १७६१४ |
| ३९ | १२६५४२० | विनय कुमार सिं राजपुत | हाजमिनिया ०४ | नवल किशोर सिं | सुखदेव सिं | १०३५८ | घरायसी कर्जा | २००००० | १५९८८ |
| ४० | ९२०४५० | भिखारी राय यादब | अजगैवी ०३ | माहाविर राय यादव | | ११५३० | घरायसी कर्जा | २००००० | ११३५१ |
| ४१ | ९२०२६९ | जियालाल साह तेली | बसन्तपट्टी ०२ | चलितर साह तेली | दुरगल साह | ११३६७ | घरायसी कर्जा | २००००० | ११०६६ |
| ४२ | ९१९४८१ | सतीया देवी | झुन्खुन्वा ०३ | देवनारायण राय यादव | विश्वनाथ राय यादव | १०६७० | घरायसी कर्जा | २००००० | १७९५१ |
| ४३ | ९१९३१२ | आशा देवी | भालोहिया ०२ | राम आम्रे पाण्डे | जोदन पाण्डे | ५७१२ | घरायसी कर्जा | २००००० | १५३५५ |
| ४४ | ९१९२९७ | सुकरीत राउत | इर्नवा ०४ | शिव गोविन्द राउत | जुगल राउत | ७४४० | घरायसी कर्जा | २००००० | १४६३२ |
| ४५ | ९१९२४४ | उमेश प्रसाद शाह | जोखाहा ०९ | राजदेव साह | चुपलाल साह | १०५२० | घरायसी कर्जा | २००००० | ८४९७५ |
| ४६ | ९१९१८१ | बाबुराम राउत कुर्मी | बसन्तपट्टी ०७ | चतर राउत | मदु राउत | ७५२८ | घरायसी कर्जा | २००००० | १३००० |
| ४७ | ९२०३८४ | राजेश प्रसाद पटेल | ईनर्वा ०१ | कपिलदेव राउत कुर्मी | लकिचन राउत कुर्मी | ११४६४ | घरायसी कर्जा | १९९१४२ | ५८८०१ |
| ४८ | ९२०००८ | जगिया देवी | ईनर्वा ०४ | पच्चु साह | रमाशंकर प्रसाद | १११३१ | घरायसी कर्जा | १४५४७९ | ५४५२ |
| ४९ | ९१९९४२ | रिना देवी | झुन्खुन्वा ०४ | रामसजिवन ठाकुर | अभिमन ठाकुर | ११०८६ | घरायसी कर्जा | १२५००० | ३०८७४ |
| ५० | ९१९०८४ | मजबुन खातुन | जटहारा ०५ | शेख सफिक मोहमद | | १०४५६ | घरायसी कर्जा | १००००० | ५५५३ |
| ५१ | ९२०३०८ | भोला पोल्ट्री फर्म प्रो. अनवर हासमी | पिपरीया परोहा ८ | अमिन मिया | मोस बली मिया | ८१०५ | घरायसी कर्जा | १२९००० | १२००० |
| ५२ | ९२००६४ | राज किशोर महतो कोइरी | इनर्वा ७ | | | ११७७ | ब्यापार कर्जा | ४५००० | ४०००० |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

# प्रदेशसभाको बैठक आज

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको प्रदेशसभा बैठक आज बस्ने भएको छ।

सभामुख रामचन्द्र मण्डलद्वारा आज दिउँसो २ बजेका लागि बैठक आह्वान गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

माघ ४ गते मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिएपछि बैठक अनिश्चितकालका लागि स्थगित गरिएको थियो।




# ऋणको भार बढ्दा आत्महत्यामा वृद्धि

**मनोज माझी**

राजविराज । सप्तरीको खडक नगरपालिका र कञ्चनरुप नगरपालिकामा दुई महिला झुण्डिएको अवस्थामा मृत फेला परेको छ।

खडक नगरपालिका- ९ लालपट्टिका ४५ वर्षीया मीना कुमारी चौधरी आफ्नै घरको कोठामा झुण्डिएको अवस्थामा फेला परेको घटना सेलाउन नपाउँदै सप्तरीको कञ्चनरुप नगरपालिका- ९ की ५८ वर्षीया शान्ता कुमारी भुजेलले लघुवित्तहरु तथा साहु महाजनले ऋण तिर्न दिएको दबाबका कारण आत्महत्या गरेकी छन्।

आइतबार मध्यराति चार घण्टाको अवधिमा सोमबार एकाबिहानै सप्तरीको कञ्चनरुप नगरपालिका-९ स्थित आँप बगैँचामा सोही वडाका ५८ वर्षीया शान्ता भुजेल आँपको रुखमा झुण्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ।

आत्महत्या गरेकी भुजेल इन्फिनिटी लघुवित्तीय संस्था लिमिटेडको महुलीमा २०७७ साल कार्तिक १६ गतेदेखि र स्वावलम्बन लघुवित्त विकास बैंकको शाखा महुलीमा २०७३ साल चैत्र १२ गतेदेखि नै आवद्ध रहेको देखिन्छ।

स्थानीयका अनुसार बितेको असार महिनामा महुली स्थित लघुवित्तका कर्मचारीहरु भुजेलको घरको सबै समान लागेपछि उनी निकै तनावमा थिइन्।

सम्पतिका नाममा रहेको १० धुर जग्गा पनि अर्कैको नाममा पास गरेकी थिइन्। लघुवित्तीय र स्थानीय साहु महाजनको चर्को ब्याजको बोझले कञ्चनरुप नपामै थुप्रै गरिब पीडित छन्। घटनाबारे अनुसंधान भइरहेको सप्तरीका प्रहरी नायव उपरीक्षक नरेश कुमार सिंहले बताए।



यस्तै मीनाका श्रीमान भोटे चौधरीले पनि श्रीमती सुत्ने कोठामा बाँसको बलोमा प्लाष्टिकको डोरीमा झुण्डिएको अवस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए। मिनाले पनि ऋणको बोझकै कारण आत्महत्या गरेको स्थानीयवासीहरुले बताएका छन्। उनी ऋणको बोझका कारण केहीदिन अघि देखि निक्कै तनावमा रहँदै आएको बताइएको छ।

दुबै शव प्रहरीले नियन्त्रण लिई पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पठाएको छ। सप्तरी प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक नरेश कुमार सिंहले दुबै जनाले आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानले देखाएको बताए।

जिल्लामा तीन साता अघि मात्र छोराको विवाह गर्दा लागेको ऋण तिर्न नसक्दा सप्तरीको छिन्नमस्ता गाउँपालिका-२ का ४५ वर्षीय रामदेव मरिक रुखमा झुण्डिएर आत्महत्या गरेका थिए।

त्यसको सात दिनपछि सोही गाउँपालिकाका-६ का २१ वर्षीय महेन्द्र मण्डलले पनि घरायसी तनावमा रुखमा झुण्डिएर आत्महत्या गरेका थिए। जीविकोपार्जनका धेरै प्रयास असफल भएपछि जिल्लामा आत्महत्याका एकपछि अर्को घटनामा वृद्धि भएर गएको छ।

जिल्लामा गत आ.व. २०७७/०७८ मा झुण्डिएर, विष सेवन गरेर र आगो लगाएर १ सय १५ जनाले ज्यान गुमाएका थिए भने २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको पाइएको छ।

यस्तै चालु आ.व. २०७९/०८० को हालसम्मको अवधिमा विषसेवन र झुण्डिएर ६० जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्यांकमा उल्लेख छ।

# प्रचण्ड सरकारको आयु राष्ट्रपति निर्वाचनसम्म: अध्यक्ष यादव




**टुडे समाचारदाता**

कपिलवस्तु।जनतासमाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारको आयु राष्ट्रपति निर्वाचनसम्म हुनसक्ने बताएका छन्। सोमबार कपिलवस्तुमा आयोजित अगुवा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा अध्यक्ष यादवले प्रचण्ड नेतृत्वको सरकारको आयु छोटो रहेको बताएका छन्।

उनले भने,'प्रचण्ड नेतृत्वको सरकार इतिहासकै कमजोर भएकाले भरथेग होस् भनेर जसपाले समर्थन गरेको हो। तर, टिक्न सक्ने देखिएन। राष्ट्रपतिको निर्वाचनपछि सरकार ढल्ने सम्भावना छ,'।

अध्यक्ष यादवले गणतन्त्र, संघीयता र धर्म निरपेक्षता विरोधीहरूले प्रचण्डलाई सरकारमा टिक्न नदिने बताए।

# पशुपतिनाथमा महाआरती

**टुडे समाचारदाता**

वीरगञ्ज। महाशिवरात्रि पर्वको अवसरमा धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्ने उद्देश्यले वीरगञ्जको वडा नम्बर १४ पिपरामा रहेको पशुपतिनाथ मन्दिरमा सोमबार साँझ महाआरती गरिएको छ।



भारतको काशी विश्वनाथका मुख्य पुजारी डा.श्रीकान्त मिश्र, जनकपुरधामस्थित जानकी मन्दिरका महन्थ रोशन दास, भारत अयोध्याबाट आएका साधु सन्त महन्थहरुको विशेष उपस्थितिमा सोमबार साँझ महाआरतीको आयोजना गरिएको वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले बताए।

वीरगञ्जमै पहिलो पटक नेपाल तथा भारतका प्रख्यात तीर्थस्थलबाट मूल पुजारी तथा भट्टहरूलाई आमन्त्रण गरी महाआरती गरिएको यो पहिलो पटक हो।

वीरगञ्ज महानगरपालिका र विश्व हिन्दू परिषद्को संयुक्त आयोजनामा महाआरती सम्पन्न भएको छ।

वीरगञ्जलाई धार्मिक पर्यटकीय गन्तव्यको केन्द्र बनाउने गरी वीरगञ्ज महानगरपालिकाले वीरगञ्जमा स्थापित आराध्यदेव पशुपतिनाथको दोस्रो मन्दिरको रुपमारहेकोपिपरास्थितपशुपतिनाथ मन्दिरलाई झकिझकाउ तथा सौन्दर्यकरण गरिएको छ।

# आधा दर्जन घर जलेर खरानी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको रुपनी गाउँपालिकामा भएको आगलागीमा परेर आधा दर्जन घर जलेर खरानी भएको छ।

आइतबार मध्यराति रुपनी गाउँपालिका- १ रायपुर स्थित अनिल नारायण यादवको गाईगोठबाट लामखुट्टे भगाउन जलाइएको घुरबाट



सल्केको आगो समयमा नियन्त्रण गर्न नसक्दा ६ वटा घर नष्ट भएका छन्। आगलागीबाट लाखौको धनमाल नष्ट भएको छ।

आगोले अनिल नारायण यादवका साथै छिमेकी मायाराम यादव, रोज नारायण यादव, गंगाराम यादव र नागेन्द्र यादवलगायतका ६ परिवारलाई बेघर बनाएको छ। आगलागी पीडित अहिले कोही आफन्तकहाँ त कोही खुला चउरमा बस्न बाध्य बनेका छन्।

आगलागी २ घण्टाको प्रयासपछि मात्र नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए।

राजविराज नगरपालिका, शम्भुनाथ नगरपालिका र मधेश प्रदेश तालिम केन्द्र जनकपुरको वारुण यन्त्र, स्थानीयवासी, इलाका प्रहरी कार्यालय रुपनी र जिल्ला प्रहरी कार्यालयको टोलीको संयुक्त प्रयासमा आगो नियन्त्रणमा आएको थियो।

डिएसपी सिंहका अनुसार आगलागीबाट १५ लाख ५२ हजार मूल्य बराबरको सम्पत्ति जलेर नष्ट भएको प्रारम्भिक अनुमान गरिएको छ।

स्थानीय बासिन्दाका अनुसार अनिलनारायण यादवको गाईगोठमा लामखुट्टे धपाउन बालेको घुरबाट अचानक आगो सल्केको तथा तत्काल नियन्त्रणको उपाय हुन नसक्दा ठूलो क्षति भएको छ।

# तलब भत्ता उपलब्ध गराउन मुख्यमन्त्री यादवलाई ज्ञापनपत्र



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले कोरोनाकालमा स्थापना गरिएको विशेष अस्पतालमा काम गरेका स्वास्थ्यकर्मीहरुको तलब भत्ता उपलब्ध गराउन पहल गर्ने आश्वासन दिएका छन्।

सोमबार नेपाल चिकित्सक संघ प्रादेशिक अस्पताल शाखाका पदाधिकारीहरुले तलब भत्ता नपाएको भन्दै मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदा उनले सो आश्वासन दिएका छन्।

कोभिड-१९ महामारीको आपतकालीन व्यवस्थापनको लागि प्रादेशिक अस्पतालद्वारा संचालित विशेष अस्पताल तथा सपही र गंगुली आइसोलेसनमा करारमा काम खटेका चिकित्सकहरुले तलब भत्ता नपाएकोतर्फ मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराइएको छ।

संघका पदाधिकारीहरुले २०७७ असार महिनाको १५ गतेदेखि ०७७ पुसको ५ गतेसम्म मानव जीवन रक्षाको लागि ज्यान जोखिममा राखी गरेको कामको तलब तथा जोखिम भत्ता नपाएको ज्ञापनपत्रमा उल्लेख गरेका छन्।

संघका सचिव रामज्ञान यादवले १ महिना चार दिनको तलब तथा ५ महिना चार दिनको जोखिम भत्ता दर्जनौ स्वास्थ्यकर्मीहरुले नपाएपछि प्रादेशिक अस्पतालको चिकित्सक संघको शाखामा निवेदन बुझाएको जानकारी दिए।

सोही निवेदन अनुसार उच्च अदालत जनकपुरबाटसमेत २०७९ असार ७ गते तलब भत्ता उपलब्ध गराइ दिने भनी परमादेश जारी भएकोले तलब भत्ता उपलब्ध गराई दिन हुन मुख्यमन्त्री समक्ष आग्रह गरेका छन्।

# व्यवसायी प्रसाईको महाअभियानमा पूर्वराजा




**टुडे समाचारदाता**

विराटनगर । नेपालको राजनीतिमा अत्यन्त विवादास्पद मानिएका व्यवसायी दुर्गा प्रसाईले ' नागरिक बचाऊ महाअभियान' को सोमबारबाट सुरु गरेका छन्।

गणतन्त्र स्थापनाका लागि प्रारम्भ भएको जनयुद्धकै दिन पारेर प्रसाईले झापास्थित मेची पुलमा पूर्वराजा ज्ञानेन्द्र शाहको प्रमुख आतिथ्यमा महाअभियानको सोमबार सुरुवात गरेका छन्।

प्रसाईको 'नागरिक बचाउ महाअभियान' को भित्री उद्देश्य देशमा पुनःराजतन्त्र र हिन्दू धर्मको स्थापना, संघीयताको समाप्ति रहेको बताइन्छ।

तत्कालीन माआवादीले माघ १ गते गणतन्त्र, संघीयता, संविधान सभाको निर्वाचन, धर्मनिरपेक्षताका लागि जनयुद्ध प्रारम्भ गरेका थिए।

सभामा पूर्व राजपरिवारका अन्य सदस्य पनि सहभागी भएका थिए। पूर्वयुवराज पारस शाह र पूर्वअधिराजकुमारी प्रेरणा शाह समेत सभामा थिईन्।

प्रसाईको मेची-महाकाली महाअभियानको प्रमुख उदेश्य संघीयता खारेजी रहेको छ। देशका व्यवसायीहरु आर्थिक संकटमा परेका बेला उनीहरुलाई उद्योग व्यवसाय सञ्चालन गर्ने वातावरण नरहेकाले व्यवसायीमैत्री वातावरण बनाउन प्रसाईले माग गरेका छन्।

नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली गत पुस महिनामा झापा गएका बेला प्रसाईको गाडी प्रयोग गरेका थिए। व्यवसायी प्रसाई ओली निकट मानिन्छ।

प्रसाईले दलका अध्यक्ष सहित पूर्व राजालाई महाअभियानमा सहभागी हुन अपिल गरेका थिए। उनले जारी गरेको विज्ञप्तिमा राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति बचाउने महाअभियान भएको उल्लेख गरेका थिए।

देशको संरचना पुनः एकीकरण र विदेशमा रहेका नेपाली स्वदेश फर्केर उद्यम गर्ने वातावरण निर्माणका लागि महाअभियान गरिएको प्रसाईले कार्यक्रममा बताएका थिए।

व्यवसायी प्रसाईको महाअभियानमा राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल (राप्रपा नेपाल) का अध्यक्ष कमल थापाले एक्यबद्धता जनाएका छन्। थापा पनि राजावादी मानिन्छन्। गत मंसिरमा सम्पन्न भएको आमनिर्वाचनमा थापा नेकपा एमालेसित तालमेल गरी चुनाव लडेका थिए।

पछिल्लो समयमा राजसंस्थाका पक्षमा बोल्दै आएका प्रसाईको कार्यक्रममा राजावादीहरुको अत्यधिक सहभागिता रहेको थियो।

# समृद्धि सम्बाद अभियान सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम। समृद्धि सम्वाद अभियान सोमबारदेखि प्रारम्भ भएको छ।

डा.सुरेन्द्र लाभको संयोजकत्वमा सोमबार जनकपुरधाममा विचार विमर्श कार्यक्रमको आयोजना गरी अभियान प्रारम्भ गरिएको छ।

समृद्धि सम्वाद अभियान शुभारम्भ कार्यक्रममा मधेश प्रदेशका मुख्य सचिव कृष्ण बहादुर राउतले देशलाई समृद्धितर्फ अगाडि बढाउन तीनै तहको सरकारबीच समन्वय र सहकार्यको आवश्यक्तामा जोड दिए।

उनले दीर्घकालीन विकासका लागि ज्ञानमा आधारित सृजना नै समृद्धिको मुख्य आधार रहेको धारणा राखे।

नीति आयोगका पूर्व उपाध्यक्ष डा.भोगेन्द्र झाले समृद्धिको लागि सम्वाद सार्थक प्रयास रहेको बताए।

डा.झाले कुनै पनि विषय/मुद्दामा विचार विमर्शले नै गन्तव्यमा पुग्न मार्ग निर्देशन गर्ने भएकोले आर्थिक,सामाजिक तथा राजनीतिक मात्र नभइ समाजको बहुआयामिक समृद्धिको लागि सन्तुलित रुपमा विकास हुनुपर्ने धारणा राखे।

भौत्तिक विकासले मात्रै समृद्धि ल्याउने धारणालाई चिर्नुपर्ने आजको आवश्यक्ता रहेको बताउँदै उनले भने ,'सुशासन बिना समृद्धि सम्भव छैन त्यसैले राज्य सञ्चालनमा सुशासन अत्यन्त आवश्यक छ।'

कार्यक्रममा प्राध्यापकहरु रामहृदय मण्डल,विद्यासागर वर्मा,डा.सुशिल कुमार यादव,नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सभापति राजेश कर्ण,पत्रकार विश्वमणि पोखरेललगायतका दुई दर्जन भन्दा बढी वक्ताहरुले आ-आफ्नो मन्तव्य राखेका थिए।

# एन-प्याब्सनको नगर कमिटी अध्यक्षमा ठाकुर

**टुडे समाचारदाता**

जनकपुरधाम । निजी विद्यालयहरूको छाता संगठन एन-प्याब्सनको जनकपुरधाम नगर कमिटीको अध्यक्षमा दिपककुमार ठाकुरलाई चयन गरिएको छ।

जनकपुरधाममा बसेको नगर कमिटीको बहुमत सदस्यहरूको बैठकले ठाकुरलाई अध्यक्षको जिम्मवारी दिइएको छ।

कमिटीको उपाध्यक्षमा विनोद दास, सचिवमा शिवशंकर मिश्र, सह-सचिवमा गौरी यादव, कोषाध्यक्षमा रविशंकर विच्छा, सह-कोषाध्यक्षमा शंकर कुमार यादव र सदस्यमा अर्चना झालाई चयन गरिएको छ।

यसअघिका नगर अध्यक्ष देवनाथ पाण्डेयले नगर कमिटी गठन भएको मितिदेखि हालसम्म एउटा पनि बैठक गर्न नसकेको र नगरभित्र नगर कमिटीलाई कुनै जानकारी नगराई आफूखुसी नगर कमिटीको क्रियाकलाप सञ्चालन गरेकोले बाध्य भएर बहुमत सदस्यहरूको उपस्थितिमा पाण्डेयलाई अध्यक्षको जिम्मेवारीबाट मुक्त गरिएको जनाइएको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८